## IPPF आईपीपीएफ : छनौटबाट सम्भावनाको दुनियाँतिर

# यौन अधिकारसम्बन्धी आईपीपीएफ घोषणा-पत्र



# आफ्नै बारेमा

आईपीपीएफ यौन तथा प्रजनन अधिकार तथा सबैका लागि अधिकारको लागि अग्रणी पैरवीकर्ता एवम् विश्वभर सेवा उपलब्ध गराउने अधिकारवादी संस्था हो । यो व्यक्ति र समुदायसाग उनीहरूकै लागि काम गर्ने राष्ट्रिय संस्थाहरूको विश्वव्यापी आन्दोलन हो ।

हामी जहाँ जुनसुकै ठाउँका भए तापनि महिला, पुरूष, र युवावर्गको आफ्नो शरीरमाथिको नियन्त्रण हुने विश्वको निर्माणका लागि काम गर्छौ र त्यसैले नै तिनको अवसरयुक्त भविष्यका निम्ति काम गर्छौं । त्यस्तो संसार जहाँ उनीहरू बाबुआमा बन्ने कि नबन्ने भन्ने छनोट गर्न स्वतन्त्र हुन्छन्, स्वतन्त्रतापूर्वक कति बच्चा कहिले पाउने भन्ने निर्णय गर्न सक्छन्, अनिच्छित गर्भाधान वा एच्आईभी लगायतका यौनजन्य रोगको संक्रमणको डरविना स्वस्थ यौन जीवन बाँच्न पाउँछन् । त्यस्तो संसार जहाँ लिंग र यौनिकतालाई लाञ्छना र असमानताको स्रोतका रूपमा नहेरिएको होस् । वर्तमान तथा भावी पुस्ताका यी अति नै महत्त्वपूर्ण छनोट र अधिकारको रक्षाका निम्ति हामीले गर्न सक्ने यावत कुरा गर्न हामी पछि पर्ने छैनौं ।

# विषयसूचि


प्राक्कथन

इतिहास

विषय संक्षेप

यौन अधिकारसम्बन्धी आईपीपीएफ घोषणापत्र

प्रस्तावना

सामान्य सिद्धान्तहरू

यौन अधिकार यौनिकतासम्बन्धी मानव अधिकार

सन्दर्भ र टिप्पणी

पुछ्रे टिप्पणी

# प्राक्कथन

यौनिकता जीवनको प्राकृतिक तथा अत्यन्त आकर्षक पक्ष हो र यो मानवताको अत्यावश्यक एवम् मौलिक भाग हो । मानिसहरूका लागि स्वास्थ्यको सर्वोच्चस्तर प्राप्त गर्न आफ्ना जीवनमा यौन तथा प्रजनन अधिकारलाई छनोट गर्न पाउनका लागि सर्वप्रथम उनीहरूको सशक्तिकरणको आवश्यकता हुन्छ, र उनीहरूले आफ्नो यौनिक पहिचान अभिव्यक्त गर्न आत्मविश्वास तथा सुरक्षाको अनुभव गर्न पाउनुपर्छ ।

अचेल धेरै मानिसका अगाडि भेदभाव, गालीगलौज, भय, त्रास र हिंसा जस्ता कुरा वास्तविक चुनौतीको रूपमा खडा भएका छन् र यस्ता चुनौती र तिनले गति दिएका क्रियाकलाप स्वभावले दुरूत्साहित गर्ने तथा जीवनलाई नै चुनौती दिने खालका छन् भने तिनले आधारभूत स्वास्थ्य तथा यौन अधिकार उपभोग गर्न अवरोध सिर्जना गर्छन् । आईपीपीएफ विश्वव्यापकता, अन्तर्सम्बन्ध, अन्तर्निभरता तथा सबै प्रकारका मानव अधिकारको अविभाज्यता जस्ता सिद्धान्तभित्र अन्तर्निहित रहेका विधिहरूको माध्यमबाट आफ्ना लक्ष्य पूरा गर्न प्रतिबद्ध छ । हामी आफ्ना सेवा र वकालतका माध्यमबाट यौन अधिकार - मानव अधिकार- को सम्मानलाई प्रत्याभूत गर्न आफूले सक्ने सम्पूर्ण काम गर्नेछौं ।

*यौन अधिकारसम्बन्धी आईपीपीएफ घोषणाले* दुई वर्षभन्दा बढी लामो अवधिसम्म विश्वभरमा गरिएका गृहकार्यको प्रतिनिधित्व गर्दछ । यसको विकासक्रममा विभिन्न व्यक्तिहरू सम्मिलित विविधतायुक्त समूहको निर्देशन प्राप्त भएको थियो । त्यस समूहमा यौन तथा प्रजनन स्वास्थ्य, मानव अधिकार, कानुन तथा सार्वजनिक स्वास्थ्य क्षेत्रका लब्धप्रतिष्ठित विशेषज्ञहरू, आफ्नैखाले विशिष्ट क्षेत्रीय परिप्रेक्ष्यहरूसहित आएका आईपीपीएफका अनुभवी र सशक्त वरिष्ठ स्वयमसेवीहरू र तीनजना आईपीपीएफका वरिष्ठ निर्देशकहरू थिए । यो घोषणा आईपीपीएफ लगायत अन्यसाग गरिएका विभिन्न क्षेत्रीय बैठकहरू तथा अन्य कार्यक्रमबाट विकसित भएको हो र यौन तथा प्रजनन अधिकारसम्बन्धी आईपीपीएफ बडापत्रको आधारमा बनेको हो । सहस्राब्दी विकास लक्ष्य तथा ०९९४ मा सम्पन्न आईसीडीपी (जनसंख्या तथा विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन) कार्यक्रमका लक्ष्यहरू प्राप्त गर्न केही प्रगति भएता पनि यसका लागि अझै धेरै काम गर्न बाँकी छ ।

यौन अधिकार मानव अधिकारका घटक तत्व हुन् । तिनीहरू सबै मानिसको स्वतन्त्रता, समानता, र स्वाभिमानलाई कायम राख्न मद्दत गर्ने यौनिकतासाग सम्बन्धित अधिकारहरूका विकसित हुादै गरेका समष्टिगतरूप भएकाले तिनलाई पन्छाउन मिल्दैन । हामी निर्बाध गतिमा (उभचकभभखभचभ) अघि बढ्नैपर्छ, लाञ्छना घटाउने र सेवाको पहुँचमा सुधार गर्ने तथा यौनिकतालाई मानव जीवनको सकारात्मक पक्षका रूपमा मान्यता दिलाउने काममा धैर्यशील र सम्झौताविहीन हुनैपर्छ । युवा, पार-लैंगिक (तचबलकनभलमभच) व्यक्ति, यौनकर्मी, पुरूषसाग सम्भोग गर्ने पुरूष, पुरूष समलिंगी (नबथ), महिला समलिंगी (भिकदष्बल), दुवैलिंगी (दष्कभहगब) नाबालिका दुलही, कन्नेकेटी आमा (नष्चि ्यतजभचक0 हरूजस्ता सीमान्तकृत समूहलाई खासगरी हाम्रो सहानुभूतिको आवश्यकता हुन्छ । यो घोषणा लैंगिक आधारमा गरिने हिंसाद्वारा पीडित या जोखिममा परेका केटी या महिलाको हकमा समानरूपले लागू हुन्छ । यस्तो हिंसामा पुरूषलाई प्राथमिकता दिनेखालको भेदभावमूलक व्यवहार या महिलाको योनिच्छेदन गर्नेजस्ता परम्परागत चलन पनि पर्दछन् ।

यौन अधिकारसम्बन्धी आईपीपीएफ घोषणा मानव अधिकारको सम्वर्द्धन तथा प्रत्याभूतिका लागि कार्यरत सबै संघसंस्था, अधिकारकर्मी, अनुसन्धानकर्ता, नीतिनिर्माता तथा निर्णयकर्ताका लागि अत्यावश्यक हतियार हो । यस घोषणाले यौन तथा प्रजनन स्वास्थ्य र मानव अधिकारका क्षेत्रमा कार्यरत समुदायका सदस्यहरूलाई यौन अधिकारको सेरोफेरोमा यस्तो परिवर्तन गर्न र सोका लागि शक्ति निर्माण गर्न सक्षम तुल्याई २००५ मा हुने अर्को आईसीडीपी (जनसंख्या तथा विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन) को तयारीका लागि पनि मद्दत पुऱ्याएको छ ।

धेरैपटकको इन्कार र धेरै लामो समयसम्मको हेलचक्र्याईका बावजुद यौन अधिकारले हाम्रो प्राथमिकता प्राप्त गरेको छ र ध्यानाकर्षण गरेको छ । अब त्यसलाई सम्मान गर्ने समय आएको छ । अब त्यसको माग गर्ने बेला आएको छ ।

यस घोषणाले अगाडिको यात्रामा हामीलाई राम्रै साथ दिनेछ भन्ने हामी विश्वास गर्दछौं ।

ज्याकलिन शार्प, अध्यक्ष, आईपीपीएफ

## इतिहास

नोभेम्बर २००६ मा, आईपीपीएफको सर्वोच्च निर्णयकर्ता अंग, गभर्निङ काउन्सिल, ले यौन अधिकारको घोषणा तयार गर्न महासंघलाई मार्गनिर्देश तथा सहयोग गर्नका लागि यौन अधिकारसम्बन्धी एक प्यानल खडा गरेको थियो ।

यौन तथा प्रजनन अधिकारसम्बन्धी आईपीपीएफ बडापत्रको आधारमा नै घोषणापत्र तयार गर्नुपर्छ भन्ने परिकल्पनाअनुरूप तयार गरिएको एक दस्तावेज आईपीपीएफका सेवा र वकालत कार्यमा मानव अधिकारलाई अझ उन्नत पारेर एकीकृत तुल्याउन सफल भयो र यो दस्तावेज एक प्रकारको मोड पनि साबित भयो । आइ पी पी एफ को पश्चिमी गोलार्द्ध क्षेत्रले यौन अधिकारका क्षेत्रमा हालै गरेका कामहरूले पनि घोषणाको विकाससमा योगदान गरेको छ । अन्ततः २००८ को मे महीनामा घोषणा प्रस्तुत गरियो र आईपीपीएफको गभर्निङ काउन्सिलले यसलाई अंगीकार गऱ्यो ।

यौन अधिकारसम्बन्धी प्यानलमा आईपीपीएफका छ वटै क्षेत्रका वरिष्ट स्वयम्सेवक तथा कर्मचारी एवम् विश्वका यौन तथा प्रजनन स्वास्थ्य र अधिकारका क्षेत्रमा ख्यातिप्राप्त विशेषज्ञहरू रहेका थिए । प्यानलका सदस्यहरू निम्नानुसार थिए :-

- **मरियम मिण्ट अहमद आइचा**
  गभर्निङ काउन्सिल सदस्य, मौरिटानिया
- **होस्साम बहगात**
  निर्देशक, इजिप्सियन इनिसिएटिभ फर पर्सनल राइट्स, इजिप्ट
- **डा कार्मेन बारोसो**
  क्षेत्रीय निर्देशक, आईपीपीएफ/डब्लुएच्आर
- **गेर्ट-इंग ब्राण्ड्स**
  गभर्निङ काउन्सिल सदस्य, स्विडेन
- **प्रो पल हण्ट**
  स्वास्थ्य अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय विशेष प्रतिवेदक
- **डा एलिस मिलर**
  कोलम्बिया विश्वविद्यालय/बर्कले ल एट् क्यालिफोर्निया युनिभर्सिटी, अमेरिका
- **मधु बाला नाथ**
  क्षेत्रीय निर्देशक, आईपीपीएफ/एसएआरओ
- **डा नाओमी स्यापेलो सेबोनी**
  गभर्निङ काउन्सिल सदस्य, बोत्स्वाना
- **डा नोनो सिमेलेला**
  निर्देशक, टेक्निकल नलेज एण्ड सपोर्ट
- **ताउ कुन**
  गभर्निङ काउन्सिल सदस्य, चीन
- **डा एस्थर भिसेण्ट (अध्यक्ष)**
  गभर्निङ काउन्सिल सदस्य, प्योर्टो रिको
- **डा गिल ग्रीर (पदेन)**
  महानिर्देशक, आईपीपीएफ
- **डा ज्याकलिन शार्प (पदेन)**
  अध्यक्ष, आईपीपीएफ

जनवरी २००७ मा सम्पन्न पहिलो बैठकमा प्यानलका सदस्यहरूले आईपीपीएफका ध्येय र दृष्टिकोणलाई मनन गर्नका लागि यौन अधिकारसम्बन्धी घोषणा तयार गर्नु आवश्यक छ भन्ने कुरा मञ्जुर गरे । यौन तथा प्रजनन अधिकारसम्बन्धी आईपीपीएफ बडापत्रले आईपीपीएफ महासंघको वृत्तभन्दा बाहिर पनि नयाँ आधार तयार गरेको थियो, बडापत्र प्रकाशित भएको १९९४ को वर्षमा नयाँ विषय र चासोका नयाँ क्षेत्र पनि देखा परे । अब यौनिकताका विविध पक्षहरू र अत्यन्त कमजोर अवस्थामा रहेका, बेवास्ता गरिएका वा धेरै मानिसले धेरै अर्थ लाग्ने खालका भन्ठानेका यौन अधिकारहरूको पहिचान गर्नु पर्ने टड्कारो आवश्यकता देखा पऱ्यो । बडापत्रले यौन अधिकार र प्रजनन अधिकारका बीचमा फरक छ भन्ने चेतना वृद्धि गऱ्यो, यस चेतनाले खासगरी यौनिकताको अभ्यासका लागि आचारसंहिता आवश्यक रहेछ भन्ने देखाइदियो । यस

घोषणाले स्वास्थ्यमा सुधार तथा आईपीपीएफका सेवाग्राहीको हिततर्फ अग्रसर गराउनेतर्फ लाग्ने भएकाले सहस्राब्दी विकास लक्ष्य पूरा गर्न योगदान गर्नेछ भन्ने कुरा प्यानलले स्वीकार गरेको छ ।

यौन अधिकारसम्बन्धी घोषणा तयार गर्ने प्रक्रिया महासंघमा निति स्वयम्‌मा एक आन्तरिक वकालतको साधन थियो । राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा आयोजना गरिएका विभिन्न कार्यक्रमको माध्यमबाट घोषणाको विकास भयो र यसले महासंघका स्वयम्सेवक तथा कर्मचारीहरूलाई मानव अधिकारको व्यापकता, यौनिकताको सन्दर्भमा मानव अधिकारको स्वभाव तथा यौन अधिकार र प्रजनन अधिकारका बीचका भिन्नता र समानता बुझ्नमा थप मद्दत गऱ्यो । विज्ञहरूका बीचको छलफलले शारीरिक तथा मानसिक स्वास्थ्यको उच्चतमस्तर प्राप्त गर्न यौन अधिकारको महत्त्व, यौन अधिकार र विकास, स्वतन्त्रता, समानता र स्वाभिमानको अधिकारका बीचको अन्तर्सम्बन्धका बारे नयाँ ज्ञानको सिर्जना गऱ्यो । यस ज्ञानलाई घोषणामा अभिव्यक्त गरिएको छ ।

घोषणाको विकास क्रममा विभिन्न क्षेत्र एवम् देशका सांस्कृतिक र धार्मिक पृष्ठभूमिलाई ध्यानमा राख्ने कुरा बारम्बार चासोको विषय बन्न पुगेको थियो । प्यानलका सदस्यहरूले मानव अधिकार र यौन अधिकारबारे कहिलेकाहीं विभिन्न विरोधाभासपूर्ण तर्क प्रस्तुत गरेका थिए । यसरी नै सहभागीहरूले महासंघले आफ्ना दैनिक कामका सिलसिलामा विभिन्नतहमा चुनौती खेपिरहेको यौनिकतालगायत संस्कृति तथा धर्म, बालविवाह, यौनकर्मीको अधिकार, लैंगिक पहिचान, यौन अभिमुखीकरण, प्रजनन प्रविधि आदिबारे खुलेर बोल्ने कुरालाई स्वागत गरेका थिए ।

क्षेत्रीय आईपीपीएफहरूले यौन अधिकारलाई आआफ्ना क्षेत्रीय इतिहास र सांस्कृतिक अनुभवहरूको आलोकमा खोजे । यस्ता अनुभवले पनि घोषणाको विकासमा सहयोग पुऱ्याएको थियो । आई पी पी एफ् अरब जगत्ले २००७ मे महीनामा राबातमा एक बैठक गरी यौन तथा प्रजनन अधिकारसम्बन्धी घोषणा तयार गर्न सफल भयो । युरोपेली सञ्जालले सन् २००७ को जून महिनामा पुरूष समलिंगी, महिला समलिंगी र पारलैंगिकतासम्बन्धी एक कार्यशाला आयोजना गरेको थियो । यसमा युरोपका लागि अन्तर्राष्ट्रिय समलिंगी संघका अध्यक्षलगायतका विज्ञहरू पनि सहभागी थिए । मस्यौदा घोषणा र यौन अधिकारलाई अफ्रिकी क्षेत्रीय परिषद् तथा दक्षिण एसिया, पूर्व र पूर्वदक्षिण एसिया एवम् ओसनियाको संयुक्त क्षेत्रीय परिषद्का बैठकहरूमा छलफलमा ल्याइएको थियो । पश्चिमी गोलार्द्धको क्षेत्रीय परिषद्मा भएको छलफलमा मानव अधिकारकर्मी सोनिया कोरिया, अमेरिकी नागरिक स्वतन्त्रता युनियनका कार्यकारी निर्देशक एन्थोनी रोमेरो, पश्चिमी गोलार्द्धको क्षेत्रीय कार्यालयका हम्बर्टो आराङ्गो जस्ता विज्ञहरूको प्यानलले नेतृत्व गरेको थियो । राबातका अरब मुलुकका सहभागीहरूलेभैं पश्चिमी गोलार्द्धका सहभागीहरूले पनि घोषणापत्र जारी गरे । प्रत्येकक्षेत्रीय बैठकमा आईपीपीएफका महानिर्देशकले क्रमबद्ध छलफलमा भाग लिनुका साथै यौन अधिकारका सम्बन्धमा बोलेका थिए ।

२००७ को नोभेम्बर महीनामा सो प्यानलले गभर्निङ काउन्सिलसमक्ष यौन अधिकारसम्बन्धी आईपीपीएफ घोषणाको मस्यौदा प्रस्तुत गऱ्यो र क्षेत्रीय कार्यालयका गभर्निङ सदस्यहरू तथा कर्मचारीहरू अनि सदस्य संघहरूलाई आफ्ना टिप्पणी र सुझाव दिन आग्रह गऱ्यो । ती टिप्पणी र सुझाव दस्तावेजलाई अन्तिमरूप दिदा उपयोग गरिएको थियो । सो दस्तावेज २००८ को मे महिनामा प्रस्तुत गरी गभर्निङ काउन्सिलद्वारा स्वीकृत गरिएको थियो ।

यस घोषणालाई अति महत्त्वपूर्ण प्राप्ति ठान्दै खासगरी यौनिकतासाग सम्बन्धित जीवनमा सबै मानिसको स्वतन्त्रता, समानता र स्वाभिमान प्रत्याभूत गर्ने विश्व सिर्जना गर्न मद्दत मिल्नेछ भन्ने कुरामा आई पी पी एफ् आशावादी छ ।

## विषय संक्षेप

**यौन अधिकारः आईपीपीएफ घोषणापत्र** अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिहरू र अन्य वैधानिक व्यवस्था, मानव यौनिकताको प्रसंगमा लागू हुने अतिरिक्त व्यवस्थाहरू र यस्ता अन्तर्राष्ट्रिय मापदण्डबारे आधिकारिक व्याख्या (interpretations) हरूका आधारमा तयार भएको हो ।

यो घोषणा आईपीपीएफले स्वीकार गरेका अन्तर्राष्ट्रिय सम्झौताहरू अनुरूप छ । घोषणाको ढाँचा आईपीपीएफ र यसका सदस्यसंघहरूका प्रकाशनहरूमा आएको छ र त्यसमा आईपीपीएफको ध्येय, दृष्टिकोण र मूल्यमान्यता प्रतिबिम्बित भएका छन् । यसका लागि संयुक्त राष्ट्रसंघका अनेकौं सन्धिका अंगहरू र प्रतिवेदकहरूले छुट्याएका विषय र गरिएका सिफारिशहरूमा अन्तर्निहित सूचनाहरूको पनि सहयोग लिइएको छ । यसमध्येमा खासगरी मानवअधिकार आयोगका विशेष प्रतिवेदकको स्वास्थ्यसम्बन्धी उच्चतम मापदण्ड प्राप्त गर्ने अधिकारसम्बन्धी प्रतिवेदन (२००४) पर्दछ । यो घोषणा पल हण्ट जस्ता यौन तथा प्रजनन तथा मानव अधिकारको क्षेत्रमा अन्तर्राष्ट्रियस्तरमै ख्यातिप्राप्त नेताहरू र संयुक्त राष्ट्रसंघीय मानव अधिकार आयोगका स्वास्थ्य अधिकारसम्बन्धी विशेष प्रतिवेदकलगायतका विशेषज्ञहरूको टोली (प्यानल) ले विकसित गरेको हो । यस

विषयसंक्षेपलाई घोषणाको विकल्पका रूपमा नलिई घोषणाका विभिन्न खण्डहरू र विषयवस्तुको परिचय दिने साधनका रूपमा लिनुपर्दछ । यौन अधिकारका यावत् विषयवस्तु र तिनको पृष्ठभूमि सजिलै उपलब्ध होऊन् भन्ने उद्देश्यले यस विषयसंक्षेपका साथै घोषणाको पूर्ण पाठसमेत उपलब्ध हुनेछ ।

यौन अधिकारसम्बन्धी आईपीपीएफ घोषणापत्रमा तीन भाग छन्:

- प्रस्तावना: यस भागले यौन तथा प्रजनन अधिकारसम्बन्धी आईपीपीएफका ध्येय र दृष्टिकोण, अन्तर्राष्ट्रिय सम्झौताहरू र दस्तावेजहरूको सन्दर्भमा घोषणाको अवधारणाको परिचय दिन्छ र यसले मानव अधिकार फ्रेमवर्कका आधारभूत आशयहरू पनि प्रस्तुत गरेको छ ।

- सात निर्देशक सिद्धान्त: यसले महासंघभित्र घोषणामा रहेका यौन अधिकारको सम्मान, संरक्षण र अग्रगामिता प्रत्याभूत गर्नका लागि रचनात्मक ढाँचा प्रस्तुत गर्दछ । यौन अधिकार मानव अधिकारको क्षेत्रभित्र पर्दछ । यो अविभाज्य तथा विश्वव्यापी छ र भेदभाव नगर्ने सिद्धान्तअनुरूप निर्माण भएको छ ।

- यौन अधिकार यौनिकतासाग सम्बन्धित मानव अधिकार: सम्बन्धी यो अन्तिम भागले सबै व्यक्तिका स्वतन्त्रता, समानता, गोपनीयता, स्वायत्तता, अखण्डता तथा स्वाभिमानजस्ता अधिकारहरूको समष्टिबाट नि:सृत दस यौन अधिकारको रूपरेखा प्रस्तुत गरेको छ ।

राष्ट्रिय वा क्षेत्रीय विशिष्टता, विविध ऐतिहासिक, सांस्कृतिक र धार्मिक पृष्ठभूमिको महत्त्वलाई दृष्टिगत गरी विश्वका सबै क्षेत्रमा कार्यरत व्यक्ति तथा संस्थाहरूले यस घोषणामा अन्तर्निहित सिद्धान्तहरू र संरचनात्मक रूपरेखालाई आफ्ना क्रियाकलाप, सेवा र/वा कार्यक्रममा समावेश गर्नसक्छन् । यसले यौन अधिकारको संरक्षण, प्रतिरक्षा तथा अग्रगामिताका प्रयासमा मद्दत पुऱ्याउनेछ ।
यो व्यापक र एकीकृत मानव अधिकार विधिमा आधारित अधिकार हो र वैश्विक न्याय, विकास र स्वास्थ्यको विषयका रूपमा यौनिकता तथा यौन स्वास्थ्यलाई लिई सम्वर्द्धन गर्नुपर्छ भन्ने महसुस गर्दै, हामी निम्नानुसारका सिद्धान्तहरू जारी गर्दछौं:
सिद्धान्त १ यौनिकता हरेक मानवको व्यक्ति हुनुको अविभाज्य अंग हो । यसकारण विकास प्रक्रियाको अंगका रूपमा प्रत्येकले यौन अधिकारको उपभोग गर्न पाउने वातावरणको सिर्जना गरिनुपर्दछ ।
यौनिकता सबै प्रकारका समाजमा प्रत्येक व्यक्तिको व्यक्तित्वको अङ्ग हो । अत: मानिसहरू व्यक्तिगत रूपमा जीवनभर यौनिकताको अनुभव गर्छन् र भित्री वा बाहिरी कारकतत्वका कारण त्यस्ता अनुभव फरक फरक हुन्छन् । यौनसम्बन्धी मानव अधिकार तथा तिनको संरक्षण र सम्वर्द्धन पनि सबैतिर सबैजनाको दैनिक अस्तित्वको अङ्ग हुनुपर्दछ । यसका साथै यौनिकतालाई जीवनको सकारात्मक पक्षका रूपमा लिइनुपर्दछ । यौन अधिकार मानव जातिका सबैले पाइआएको स्वतन्त्रता, स्वाभिमान र समानताजस्ता अधिकारमा आधारित विश्वव्यापी मानव अधिकार हो ।
यौन तथा प्रजनन अधिकारसम्बन्धी बडापत्रअनुरूप आईपीपीएफले व्यक्ति नै विकासको केन्द्रीय विषय हो भन्ने मान्दछ र हरेक व्यक्तिले आफ्नो आर्थिक, सामाजिक, साँस्कृतिक, र राजनीतिक विकास प्रक्रियामा सक्रियतापूर्वक सहभागी हुन सबै प्रकारका यौन अधिकारको उपभोग गर्न पाउनुपर्छ भन्ने मान्यता राख्दछ । यौनिकता मानिसको शरीर, मनमस्तिष्क, राजनीति, स्वास्थ्य र समाजसागै हुने मानव जीवन र सामाजिक जीवनको एक पक्ष हो ।
सिद्धान्त २ अठार वर्ष मुनिका व्यक्तिहरू, जसका विशेषता वयस्कभन्दा फरक हुने हुनाले तिनीहरूको अधिकार तथा संरक्षणलाई प्रत्याभूत गरिएको छ र प्रत्येक बालक वा बालिकाको विकसित हुने क्षमतालाई ध्यानमा राखी तिनले आफ्ना लागि अधिकारको उपभोग गर्न पाएको हुनुपर्छ ।
१८ वर्षमुनिका व्यक्तिहरूको अधिकार तथा संरक्षण कहिलेकाही अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनका हिसाबले वयस्कभन्दा भिन्न हुने देखिएकाले आईपीपीएफले १८ वर्षमुनिका व्यक्तिहरूको अधिकार तथा संरक्षण प्रत्याभूत गरिएको बुझेको छ । यस्ता भिन्नता मानव अधिकारका सबै पक्षहरूसाग सम्बन्धित हुन्छन् । तर यौन अधिकारको प्रसंगमा तिनका लागि खास खास विधि आवश्यक पर्छन् । आईपीपीएफको प्रारम्भ अधिकार उपभोगकर्ताका रूपमा १८ वर्षमुनिका व्यक्तिहरूलाई लिने बिन्दुबाट हुन्छ । र त्यो शिशुपन, बालापन, र किशोरावस्थाका व्यापक क्षेत्रभित्रका विभिन्न बिन्दुमा केही निश्चित अधिकार र संरक्षणको सान्दर्भिकता धेरै बढी वा अति कम पनि हुन सक्छ ।

सिद्धान्त ५ सबैका लागि यौन अधिकार सुनिश्चित गर्नु भनेको हानिनोक्सानीबाट सुरक्षा र स्वतन्त्रता- प्रतिको प्रतिबद्ध हुनु हो ।
यौन अधिकारलाई हानी पुऱ्याउने सबै प्रकारका हिंसा र हानिनोक्सानीबाट सुरक्षा तथा त्यस्ता हानि नोक्सानीविरूद्ध लाग्न पाउने अधिकार । यौनसम्बन्धी हानि-नोक्सानीमा शारीरिक, मौखिक, मनोवैज्ञानिक, आर्थिक, र यौनप्रकृतिका हिंसा र दुराचार हुनाका साथै कुनै व्यक्तिलाई उसको लिंग, उमेर, सामाजिक लिंग, लैंगिक पहिचान, यौन अभिमुखीकरण, वैवाहिक

अवस्था, यौन इतिहास तथा व्यवहार, वास्तविक या आरोपित, यौन अभ्यास वा उसका त्यस्ता यौनजन्य अभ्यास कसरी प्रकट हुन्छ भन्ने आधारमा गरिने हिंसा र दुर्व्यवहार पर्दछन् ।

सबै बालबालिका तथा किशोरकिशोरी सबै प्रकारका शोषणबाट विशेष संरक्षित हुने अधिकार राख्लछन् । यसमा यौनशोषण, बाल वेश्यावृत्ति, र सबै प्रकारका यौन दुराचार, हिंसा र हेपाइ, बालबालिकालाई जबरजस्ती कुनैपनि प्रकारको यौन गतिविधिमा लगाउने वा कुनै त्यस्तो सामग्री वा अश्लील नग्न गतिविधिमा लगाउनेजस्ता क्रियाकलाप पनि पर्दछन् ।

सिद्धान्त ६ यौन अधिकार लोकतान्त्रिक समाजमा सामान्य कल्याणका निम्ति, अरूका अधिकार र स्वतन्त्रताको सम्मान एवम् मान्यतालाई सुरक्षित गर्ने हेतुले कानुनले निर्धारण गरेका सीमासम्म मात्र रहनेछन् ।

यौन अधिकार अन्य मानव अधिकारजत्तिकै लोकतान्त्रिक समाजमा सामान्य कल्याणका निम्ति, अरूका अधिकार र स्वतन्त्रताको सम्मान एवम् मान्यतालाई सुरक्षित गर्ने हेतुले कानुनले निर्धारण गरेका दायरासम्म मात्र कायम रहनेछन् । मानव अधिकार कानुनअनुरूप सार्वजनिक स्वास्थ्य र सुव्यवस्था यस सन्दर्भमा उल्लेखनीय छ । यस्ता सीमा लक्ष्य प्राप्त गर्ने हदसम्म आवश्यक मात्रामा र भेदभावरहित हुनैपर्छ । यौन अधिकारको अभ्यास व्यक्ति र समाजबीचका गतिशील सम्बन्ध र सचेतताबाट निर्देशित हुनुपर्दछ, दृष्टिकोणको बहुलता हुन्छ भन्ने कुरा आत्मसात् गरी विभिन्नताको मर्यादा, समानता, र आदरको प्रत्याभूति (ग्यारेण्टी) का लागि हुनुपर्दछ ।

सिद्धान्त ७ सबै प्रकारका यौनसम्बन्धी अधिकार र स्वतन्त्रता लागू गर्नुपर्ने जिम्मेवारी (यदष्विबतष्यलक )

मुख्य मुख्य कानुनी उपचारको दावी गर्नुका साथै ती दावीअनुकूल हासिल गर्न चाहिने साधनहरूमा पहुँच पनि यौनसम्बन्धी अधिकार र स्वतन्त्रताभित्रै पर्छ । यसमा राज्यले अन्य मानव अधिकारको कार्यान्वयनमा गर्नुपरेभैाा तीनस्तरमा जिम्मेवारी पूरा गर्नुपर्छ: सम्मान गर्ने, सुरक्षा दिने र सबैको यौन अधिकार उपभोग गर्न लगाउने ।

**सम्मान गर्ने** जिम्मेवारीमा राज्यले प्रत्यक्ष वा परोक्षरूपमा कुनै खास अधिकार उपभोगमा हस्तक्षेप हुन नदिने काम गर्नुपर्छ । यस अर्थमा यौनसम्बन्धी अधिकार पर्न आउँछ । **सुरक्षा दिनेमा** मानव अधिकारको प्रत्याभूतिमाथि हस्तक्षेप गर्नबाट तेस्रो पक्षलाई रोक्न आवश्यक उपाय अपनाउने काम पर्दछ भने **सबैको यौन अधिकार उपभोग गर्न लगाउनेमा** राज्यले उपयुक्त कानुनी, प्रशासनिक, वित्तीय, न्यायिक, प्रवर्द्धनात्मक तथा अन्य उपाय अवलम्बन गरी अधिकार प्रत्याभूत गर्ने काम पर्दछ ।

## यौन अधिकार यौनसम्बन्धित मानव अधिकार हो

आईपीपीएफले यौन अधिकारलाई मानव अधिकारको रूपमा लिएको छ । यौन अधिकार यौनिकतासाग सम्बन्धित अधिकारहरूको समष्टिगतरूप हो र यो सबै मानिसको स्वतन्त्रता, समानता, गोपनीयता, स्वायत्तता, अखण्डता र स्वाभिमानको अधिकारबाट नि:सृत भएको हुन्छ । यस्ता दशवटा यौन अधिकार छन्:

**धारा १ : लिंग, यौनिकता र लैंगिकताका आधारमा हुने कुनैपनि प्रकारका भेदभावबाट मुक्त, समानता र समान कानुनी सुरक्षाको अधिकार:**

सबै मानवजाति स्वतन्त्र जन्मन्छन्, तिनको समान मर्यादा तथा अधिकार हुन्छ र उनीहरूलाई लिंग, यौनिकता तथा लैंगिकताका आधारमा हुने कुनैपनि प्रकारका भेदभावबाट मुक्त, समानता र समान कानुनी सुरक्षाको अधिकार छ ।

**धारा २ : सबै व्यक्तिलाई लिंग, यौनिकता र लैंगिकताका आधारमा हुने कुनैपनि प्रकारका भेदभावरहित सहभागिताको अधिकार**

सबै व्यक्ति मौलिक स्वतन्त्रता र मानव अधिकारले मान्यता प्रदान गरेका विकासका माध्यमबाट मानव जीवनका नागरिक, आर्थिक, सामाजिक, सांस्कृतिक, र राजनीतिक पक्षहरूमा स्थानीय, क्षेत्रीय, र अन्तर्राष्ट्रियस्तरमा क्रियाशील भई स्वतन्त्र र सार्थकरूपले सहभागी हुनका लागि अनुकूल वातावरण प्राप्त गर्ने अधिकार राख्लछन् ।

**धारा ३ : व्यक्तिको बाँच्न पाउने, स्वतन्त्र रहने, सुरक्षा र शारीरिक अखण्डताको अधिकार:**

सबै व्यक्तिलाई कुनैपनि अवस्थामा बाँच्न पाउने, स्वतन्त्र रहने, अमानवीय वा अपमानपूर्ण व्यवहार, क्रूरता र यातनाबाट मुक्त हुने र खासगरी लिंग, उमेर, सामाजिक लिंग, लैंगिक पहिचान, यौन अभिमुखीकरण, वैवाहिक अवस्था, यौन इतिहास तथा व्यवहार, वास्तविक या आरोपित, र एचआईभी एड्सको अवस्थाजस्ता आधारमा गरिने हिंसा र जबरजस्तीबाट मुक्त रही आफ्नो यौनिकताको अभ्यास गर्ने अधिकार छ ।

धारा ४ : गोपनीयताको अधिकार:

सबै व्यक्तिलाई उनीहरूको गोप्यता, परिवार, घर, कागजात वा पत्राचारमा arbitrary हस्तक्षेपविना रहने हकका साथै यौन स्वायत्तताको उपभोग गर्नका लागि आवश्यक गोपनीयताको अधिकार छ ।

धारा ५ : निजी स्वायत्तता र कानुनका अगाडि मान्यताको अधिकार:

सबै व्यक्तिलाई यौनिकतासम्बन्धी कुनैपनि मामलामा स्वतन्त्रतापूर्वक निर्णय लिन र नियन्त्रण कायम राख्न, आफ्ना यौनसाथी चयन गर्न, बालबालिकाको विकसित हुँदै गरेको क्षमतालाई ध्यानमा राखी अन्य व्यक्तिको अधिकारको सम्मान गर्दै कुनै भेदभावविना चरम यौनसुख र आनन्द प्राप्त गर्ने अधिकार छ ।

**धारा ६ : विचार, धारणा र अभिव्यक्ति स्वतन्त्रताको अधिकार, संगठित हुन पाउने अधिकार:**

सबै व्यक्तिलाई दमनकारी सांस्कृतिक विश्वास, वा राजनीतिक विचारधारा, वा सार्वजनिक नियम व्यवस्था, सामाजिक नैतिकता, सार्वजनिक स्वास्थ्य वा सार्वजनिक सुरक्षा्को आडमा भेदभावजन्य कुनैपनि खालको जोरजुलुम वा जबरजस्तीबाट नखुम्चिई

आफ्नो यौन अभिमुखीकरण, लैंगिक पहिचान, यौन अधिकार र यौनसम्बन्धी आफ्ना विचार, अवधारणा र अभिव्यक्ति दिने अधिकार छ ।

**धारा ७ : स्वास्थ्यको अधिकार, वैज्ञानिक प्रगतिबाट लाभ लिन पाउने अधिकार:**

सबै व्यक्तिलाई स्वास्थ्य र यौन सम्बन्धित विषय, समस्या र असामान्यताको रोकथाम, निदान र उपचार जस्ता स्वास्थ्यका लागि निर्धारिक पक्षमा पहुँच राखी आफ्नो शारीरिक तथा मानसिक स्वास्थ्यको सर्वोच्चस्तरमा उपभोग गर्ने अधिकार छ ।

**धारा ८ : शिक्षा र सूचना पाउने अधिकार:**

सबै व्यक्तिलाई कुनै भेदभावविना निजी, सार्वजनिक र राजनीतिक क्षेत्रमा पूरै नागरिकता र समानताको अभ्यास गर्न यौन सम्बन्धित उपयोगी हुने र आवश्यक पर्ने सामान्य तथा व्यापक सूचना र शिक्षा पाउने अधिकार छ ।

**धारा ९ : बिहे गर्ने वा नगर्ने, परिवार बसाउने या नियोजन गर्ने, बच्चा जन्माउने वा नजन्माउने, कहिले र कसरी जन्माउनेबारे स्वेच्छाले छनोट गर्न पाउने अधिकार:**

सबै व्यक्तिलाई वंश वा विवाह निश्चित नभइसकेकाहरूसमेत (जस्तै देहव्यापारको क्रममा जन्मेका वा विवाहको किटान नगरिएका), लाई कानुन र नीतिहरूले मान्यता दिएअनुसारको पारिवारिकस्वरूपको वातावरणमा बिहे गर्ने वा नगर्ने, परिवार बसाउने या परिवार नियोजन गर्ने, बच्चा जन्माउने वा नजन्माउने, कहिले, कतिजना र कति समयको अन्तरमा बच्चा जन्माउने सोबारे स्वतन्त्रतापूर्वक र जिम्मेवारीपूर्वक छनोट गर्न पाउने अधिकार छ ।

**धारा १० : जवाफदेहिता र पुनर्प्राप्तिको अधिकार:**

सबै व्यक्तिलाई यौन अधिकार प्रदान गर्ने कर्तव्य तोकिएका व्यक्ति वा निकायहरू पूर्णरूपमा आफूप्रति जवाफदेही रहेको सुनिश्चित गर्नका लागि प्रभावकारी, पर्याप्त मात्रामा, पहुँचयोग्य, र उपयुक्त शैक्षिक, कानुनी, न्यायिक वा अन्य उपाय अपनाउने अधिकार छ । यसमा यौन अधिकारको कार्यान्वयनको अनुगमन गर्ने क्षमता, यौन अधिकार हनन भएका स्वण्डमा त्यसको क्षतिपूर्ति गर्ने, रकम असुलउपर गर्ने, पुनर्स्थापन गर्ने, सन्तुष्ट पार्ने, आश्वस्त पार्ने वा कुनैपनि हालतमा त्यस्ता घटना नदोहोऱ्याउनेजस्ता पक्ष पर्दछन् ।

यौन अधिकार: आईपीपीएफ घोषणाले स्पष्ट फ्रेमवर्क उपलब्ध गराउँछ जसमा सदस्यसंघहरूले सेवादाताको रूपमा तिनका आफ्ना जिम्मेवारी बुझ्न सकून् । तिनीहरू सबैको पहुँच बढाउनका लागि कामको थालनी र विस्तार गर्न आवश्यक उपकरणले सुसज्जित हुनेछन् र यसरी ग्राहकलाई आफ्ना यौन अधिकार र प्रजनन अधिकारबारे मनन गर्न सक्षम तुल्याउनेछन् । यस घोषणापत्रले राज्यहरूलाई तिनका कामकर्तव्य र जिम्मेवारी बोध गराउन पैरवीको लागि फ्रेमवर्क उपलब्ध गराउने कार्य गर्दछ । विशेषत: यौनिकता र प्रजनन स्वास्थ्य अधिकारहरूमा केन्द्रित आगामी विश्व पहलकदमीको योजना तथा कार्यान्वयनमा, घोषणाको आधारमा वकालत गर्नेजस्ता कार्यले सरकारी संस्थाहरूलाई यौन अधिकार, सार्वजनिक स्वास्थ्य र विकासका बीचको सम्बन्धको आधारमा स्थिति बुझ्न र दीर्घकालीनरूपमा प्रतिबद्ध हुन सघाउँछ ।

# यौन अधिकारसम्बन्धी
# आईपीपीएफ घोषणा-पत्र

## प्रस्तावना:

आईपीपीएफ आफ्ना लक्ष्य सम्पूर्ण मानव अधिकारमा विश्वव्यापकता, अन्तर्सम्बन्ध, अन्तर्निर्भरता र अविभाज्यताजस्ता सिद्धान्त सन्निहित रहेको मानव अधिकार विधिविधानबाटै पूरा गर्न कटिबद्ध रहेको छ । आईपीपीएफ, यौन अधिकार सबै मानिसको स्वाभिमान, समानता र स्वतन्त्रतालाई सहयोग पुऱ्याउने यौनिकता सम्बन्धी विकसित हुँदै गरेका सबै अधिकारको समष्टिगतस्वरूप हो र यौन अधिकार मानव अधिकारकै तत्व हो भन्ने मान्यता राख्दछ र यसैमा विश्वास गर्दछ ।

**यौन अधिकार:** आईपीपीएफ घोषणापत्र अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिहरू र अन्य वैधानिक व्यवस्था, मानव यौनिकताको प्रसंगमा लागू हुने अतिरिक्त व्यवस्थाहरू र त्यस्ता अन्तर्राष्ट्रिय मापदण्डबारे आधिकारिक व्याख्या (interpretation) हरूका आधारमा तयार भएको हो । यो संयुक्त राष्ट्रसंघका मानव अधिकारसम्बन्धी विश्व सम्मेलन (०९९३), जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (०९९४), महिलासम्बन्धी विश्व सम्मेलन (०९९५), सहस्राब्दी घोषणा र सहस्राब्दी विकास लक्ष्यहरूका दस्तावेजहरूबाट निसृत भएको हो । यसका लागि संयुक्त राष्ट्रसंघका अनेकौं सन्धिका अंग र प्रतिवेदकहरूले खुट्याएका विषय र गरिएका सिफारिशहरूमा अन्तर्निहित सूचनाहरूको पनि सहयोग लिइएको छ । यसमा खासगरी मानवअधिकार आयोगका विशेष प्रतिवेदकको स्वास्थ्यसम्बन्धी उच्चतम मापदण्ड प्राप्त गर्ने अधिकारसम्बन्धी प्रतिवेदन (२००४) पर्दछ ।

यो घोषणापत्र यौन तथा प्रजनन अधिकारसम्बन्धी आईपीपीएफ् बडापत्रको पूरक दस्तावेज हो । यसको लक्ष्य यौन अधिकारलाई स्पष्टरूपमा पहिचान गर्नु र यौनिकताबारे समावेशी दृष्टिकोणलाई सहयोग पुऱ्याउनु हो । यस दृष्टिकोणले सम्मान, सुरक्षा र सबैको यौन स्वायत्तताको अधिकारलाई अग्रगामी तुल्याउनुका साथै भेदभावरहित ढाँचामा यौन स्वास्थ्य र अधिकार उपभोग गर्न पाउने अवस्थाको अपेक्षा गर्दछ ।

आईपीपीएफ सबै मानव अधिकारको अभ्यास गर्नका लागि स्वास्थ्य अत्यावश्यक मौलिक हक हो भन्ने कुरामा विश्वास गर्दछ । हरेकव्यक्तिले शारीरिक तथा मानसिक स्वास्थ्यको उपलब्ध हुन सक्नेसम्म सर्वोच्चस्तरको मापदण्ड उपभोग गर्नका लागि यौन र प्रजनन स्वास्थ्य अति नै आवश्यक तत्व हुन् भन्ने कुरामा पनि यो घोषणापत्र विश्वास राख्दछ । यौन अधिकारविना यौनस्वास्थ्य स्वस्थ र तन्दुरूस्त राख्न सकिन्न तथापि यौन अधिकारहरूअन्तर्गत स्वास्थ्यमा व्यवस्था गरिएभन्दा धेरै बढी तत्व समाविष्ट हुन्छन् ।

विद्यमान मानव अधिकार लागू भएको अवस्थामा जतिबेला यौनिकतासम्बन्धी खासखास मूल्यमान्यता देखा पर्छन् त्यतिबेला यौन अधिकारहरूको कुरा आउँछ । यस्ता अधिकारमा खासगरी यौनिकतासाग सम्बन्धित मामलामा सबै मानिसको स्वतन्त्रता, समानता, गोप्यता, स्वायत्तता, अखण्डता र स्वाभिमान अनि थुप्रै अन्तर्राष्ट्रिय व्यवस्थामा मान्यता प्रदान गरिएका सिद्धान्त पर्दछन् । यौन अधिकारहरूले खास-खास पहिचानको कुरा समावेश त हुन्छ अझ यसभन्दा पर सोच्ने र व्यवहार गर्ने तरिका प्रस्तुत गर्छन् । यौन अधिकारहरूले प्रत्येकव्यक्तिको आत्मसम्मानप्रति आदरभावका साथ आफ्ना यौनिकताबारे विनाभेदभाव, जबरजस्तीबेगर वा विनाहिंसा बोल्ने र आकांक्षा पूरा गर्न आवश्यक अवस्थामा पहुँचको प्रत्याभूति गराउँछन् ।

आईपीपीएफले मानव भएको नाताले यौन उसको जीवनभरको केन्द्रीय पक्ष हो भन्ने मान्यता राख्दछ यद्यपि उसले निम्नानुसारका सबै आयामहरू समेटे तापनि सबै पक्ष नै सधैं अनुभव गरिने वा अभिव्यक्त गरिनेमा पर्दैनन् । यो एक विकसित हुँदै जाने अवधारणा हो, जसमा यौन क्रियाकलाप, लैंगिक पहिचान, यौन अभिमुखीकरण, यौनोत्तेजना, आनन्द, आत्मीयता र प्रजननजस्ता विषय पर्दछन् । यो जैविक, मनोवैज्ञानिक, सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, नैतिक, कानुनी, ऐतिहासिक, धार्मिक र आध्यात्मिकजस्ता कारकतत्वहरूको अन्तर्क्रियाबाट बनेको हुन्छ । यौनिकता विचार, स्वैरकल्पना (Fantasies), आकांक्षा, विश्वास, प्रवृत्ति (Attitudes), मूल्यमान्यता, व्यवहार, अभ्यास र सम्बन्धहरूमा अनुभूत गरिन्छ र अभिव्यक्त गरिन्छ ।
यौनिकताको धेरैजसो अभिव्यक्ति गैरप्रजननमूलक हुन्छ र यौनिकताका बारेमा वैश्विक समझदारी विकसित हुँदैजान्छ भन्ने कुरामा आईपीपीएफ सचेत छ । यसर्थ आईपीपीएफ यौन अधिकारलाई प्रजनन अधिकार वा प्रजनन स्वास्थ्यमा मात्र सीमित नगरी विशिष्ट ढंगले पहिचान गर्नुपर्छ भन्ने ठान्दछ ।
सामाजिक र विश्वव्यापीरूपमा सबै मानिसको स्वाभिमान, अधिकार र स्वतन्त्रताको पूर्णतया अनुभूति दिलाउन स्थानीय र वैश्विक संघर्षको परिप्रेक्ष्यमा शान्ति र स्रोतमाथिको समान पहुँचका लागि व्यापक प्रतिबद्धतालाई यौन अधिकारका लागि सक्षम परिस्थितिको निर्माणमा पूरक भूमिका निर्वाह गर्दछ भन्ने आईपीपीएफको मान्यता छ । यौन अधिकारको सम्पूर्ण उपभोग गर्न पाउने तथा आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक विकास प्रक्रियामा सक्रिय सहभागिता जनाउन पाउने विकास गर्न

पाउने अधिकार क्षेत्रभित्र व्यक्तिको केन्द्रस्थलमा हुन्छ र यसमा सबै प्रकारका मानव अधिकार र मौलिक हकको अनुभूति गर्न सकिन्छ ।
आईपीपीएफ अधिकारहरूको उपभोगका लागि अनुकूल अवस्था तयार गर्ने मूल आधार भन्नु नै उत्तरदायी संरचनाको विकास गर्नु हो भन्ने कुरामा विश्वास गर्दछ । त्यस्ता संरचनाले व्यक्तिगत उपचार वा क्षतिपूर्ति (remedy and redress) मात्र उपलब्ध गराउने होइन परन्तु यौन अधिकार उल्लंघन गर्न उक्साउने शक्ति संयन्त्र, अभ्यास र भाष्य (meaning) लाई चुनौती दिने र अधिकार कायम गर्न लगाइराख्ने खालका हुनुपर्छ । आईपीपीएफ यसबाट सेवा र वकालतका प्रयासमा प्रभाव पर्दछ भन्ने मान्यता राख्दछ ।
यसर्थ, आईपीपीएफ आफ्ना सदस्य संघसंस्थाहरूलाई आफ्ना क्रियाकलापमार्फत यौन अधिकारको सम्मान, संरक्षण सम्बन्धी प्रतिबद्धतालाई एकीकृत तुल्याउने तथा आफ्ना विद्यमान नीति, रणनीति र कार्यक्रमलाई लागू गर्दै अगाडि बढाउँदै लैजाने काममा यस घोषणालाई मार्गदर्शकका रूपमा प्रयोग गर्न प्रोत्साहित गर्दछ ।
यो घोषणा यौनिकताको मामलामा आधारभूत मानव अधिकारको कार्यान्वयनका लागि साझेदारीको एक ढाँचा हो । महासंघका सबै अंगहरूले आफ्ना नीति र रणनीतिलाई लागू गर्दै अगाडि बढाउँदै लैजाने काममा तथा यौन अधिकारको प्रतिरक्षा तथा प्रवर्द्धनको लागि आफ्ना गतिविधि, सेवा र कार्यक्रममा यो ढाँचा र यसमा अन्तर्निहित सिद्धान्तहरूलाई समावेश गर्न सक्छन् ।
आईपीपीएफ यौन अधिकारलगायत विश्वव्यापी, पन्छाउन नमिल्ने र अविभाज्य मानव अधिकारको दृष्टिकोणप्रति प्रतिबद्ध छ । यसो भए तापनि यस घोषणामा समावेश गरिएका अधिकार र सिद्धान्तहरूको कार्यान्वयनमा देशविशेषका अवस्था र परिस्थितिहरूले समय र तरिकामा असर गर्न सक्छन् भन्ने आईपीपीएफको मान्यता छ । त्यस्ता परिस्थितिमा विशिष्ट प्रकारका प्रक्रिया अपनाइनेछ ।
यौन अधिकारसम्बन्धी आईपीपीएफ घोषणा आईपीपीएफको गभर्निङ काउन्सिलले २००८ को मे महीनाको ०० तारीखका दिन जारी गरेको छ ।

## सामान्य सिद्धान्तहरू

आईपीपीएफका सबै सदस्यसंघहरू यस घोषणामा समावेश गरिएका र अन्तर्निहित सिद्धान्तका साथै महासंघको ध्येय, परिकल्पना र मूल्यमान्यताप्रति समेत प्रतिबद्ध रहनेछन् भन्ने अपेक्षा गर्दछ । यी सिद्धान्तहरूले महासंघका अंगहरूले यस घोषणाको यौन अधिकार यौनिकतासाग सम्बन्धित मानव अधिकार हुन् भन्ने शीर्षक खण्डमा तोकिएका यौन अधिकारको उपभोग, सम्वर्द्धन र संरक्षण गर्नका लागि तय गरेका कार्यक्रम र रणनीतिलाई सम्बोधन गरेको हुनुपर्छ ।

**सिद्धान्त १. यौनिकता हरेकमानवको व्यक्तिपनको अविभाज्य अंग हो । यसकारण विकास प्रक्रियाको अंगका रूपमा प्रत्येकव्यक्तिले यौन अधिकारको उपभोग गर्न पाउने वातावरणको सिर्जना गरिनुपर्दछ ।**
यौनिकता सबै प्रकारका समाजमा प्रत्येकव्यक्तिको व्यक्तित्वको अङ्ग हो ।अत: मानिसहरू व्यक्तिगतरूपमा जीवनभर यौनिकताको अनुभव गर्छन् र भित्री वा बाहिरी कारकतत्वका कारण त्यस्ता अनुभव फरक-फरक हुन्छन् । यौनसम्बन्धी मानव अधिकार तथा तिनको संरक्षण र सम्वर्द्धन पनि सबैतिर सबैजनाको दैनिक अस्तित्वको अङ्ग हुनुपर्दछ । यौन अधिकार विश्वव्यापी मानव अधिकार हो र यो सबै मानवजातिले पाइआएको नैसर्गिक स्वतन्त्रता, स्वाभिमान र समानतामा आधारित छ ।

गरिबी, यौन अस्वस्थता र यौनिकतामा आधारित असमानता तथा वहिष्करण दुवैको कारण तथा नतिजा हो । कार्यक्रमहरूले खासगरी यौनअधिकारको उपभोग गर्न दिने वा नदिने विषयमा यसले पारेको असरको भूमिकालाई ध्यानमा राखी गरिबी संग यस्ता विषयको अन्तर्सम्बन्धलाई सम्बोधन गर्न सक्नुपर्छ ।

विषमता, असमानता, लैंगिक विषमता, लैंगिक असमानता, र खराब स्वास्थ्यलाई सहस्राब्दी विकास लक्ष्यमा आधारित कुनैपनि विकास परियोजना, कार्यक्रम र फ्रेमवर्कको कार्यान्वयन गर्ने सन्दर्भमा चुनौतीको रूपमा लिनुपर्ने हुन्छ । सहस्राब्दी विकास लक्ष्यका उपलब्धिहरूमा मातृस्वास्थ्यमा सुधार गर्ने, बाल मृत्युदर घटाउने, लैंगिक समता प्रवर्द्धन गर्ने, र एचआईभी एड्ससाग जुध्नेजस्ता विषय छन् । यस्तै अन्य लक्ष्यहरू यौन अधिकारको संरक्षण तथा यौनस्वास्थ्य सेवाको व्यापक पहुँचलाई सुनिश्चित गर्नेजस्ता विषयमा प्रत्यक्षरूपमा निर्भर छन् । यौन तथा प्रजनन अधिकारको बडापत्रअनुरूप व्यक्ति नै विकासको केन्द्रीय विषय हो भन्ने आईपीपीएफ ठान्दछ र हरेकव्यक्ति आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक विकासको प्रक्रियामा सक्रियतापूर्वक सहभागी हुने क्रममा सबै यौन अधिकारको उपभोग गर्नका

लागि अनुकूल वातावरणको सिर्जना ज्यादै महत्त्वपूर्ण छ भन्ने कुरा मान्दछ । यौन शरीर, मनमस्तिष्क, राजनीति, स्वास्थ्य र समाजसाग अभिन्नरूपले गाँसिएको हुनाले यो मानव र सामाजिक जीवनको एक पक्ष हो ।

यौन अधिकारहरूले विचारधारात्मक र राजनीतिक, निजी र आत्मगत विषयमाथि प्रभाव पार्दछन् । यौन अधिकारहरूले अभिव्यक्तिमूलक, संघात्मक, र सहभागितामूलक तत्वलाई अन्तर्भूत गरेका छन् । यस्ता अधिकार व्यक्तिको शारीरिक अखण्डता र सार्वभौमसत्तासाग गहिरो गरी जोडिएका छन् । यौन अधिकारको प्रत्याभूतिप्रति प्रतिबद्ध रहनुपर्ने विषयलाई मान्यता दिदै, आईपीपीएफ यी अधिकार प्रकारान्तरले निजी सार्वजनिक क्षेत्रमा मानवीय क्रियाकलापको ऐतिहासिक प्रक्रियाका अंग भएको हुनाले तिनको सम्मान, संरक्षण र उपभोग गर्नमा सबै क्षेत्र र तत्वको ध्यान पुग्नुपर्छ भन्ने ठान्दछ ।

सिद्धान्त २ अठार वर्षमुनिका व्यक्तिहरू, जसका विशेषता वयस्कभन्दा फरक हुन्छन्, को अधिकार तथा संरक्षणलाई प्रत्याभूत गरिएको छ र प्रत्येकबालक वा बालिकाको विकसित हुने क्षमतालाई ध्यानमा राखी तिनले आफ्ना लागि अधिकारको उपभोग गर्न पाएको हुनुपर्छ ।

१८ वर्षमुनिका व्यक्तिहरूको अधिकार तथा संरक्षण कहिलेकाहीँ अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनका हिसाबले वयस्कभन्दा भिन्न हुने देखिएकाले आईपीपीएफ्ले १८ वर्षमुनिका व्यक्तिहरूको अधिकार तथा संरक्षण प्रत्याभूत गरिएको बुझेको छ । यस्ता भिन्नता मानव अधिकारका सबै पक्षहरूसाग सम्बन्धित हुन्छन् । तर यौन अधिकारको प्रसंगमा तिनका लागि खास-खास विधि आवश्यक पर्छन् । आईपीपीएफ्को प्रारम्भ अधिकार उपभोगकर्ताका रूपमा १८ वर्षमुनिका व्यक्तिहरूलाई लिनेबाट हुन्छ । र त्यो शिशुपन, बालापन र किशोरवयका व्यापक क्षेत्रभित्रका विभिन्न बिन्दुमा केही निश्चित अधिकार र संरक्षणको सान्दर्भिकता धेरै बढी वा अति कम हुन पनि सक्छ ।

बालअधिकार सम्बन्धी महासन्धिको धारा ५ अन्तर्गत बालबालिकाले आफ्ना अधिकार उपभोग गर्ने क्षमतालाई ध्यानमा राखी तिनका बाबुआमा तथा अन्य जोसुकैले जिम्मेवारीका साथ मार्गनिर्देशन गर्ने वा निर्देशन दिनुपर्छ भन्ने उल्लेख गरिएको छ । एकातिर बालबालिकाको विकसित हुादै गरेको क्षमताले आफ्नै जीवनमा पनि उनीहरू स्वयम् परिवर्तनका संवाहक हुन् र अर्कोतिर अन्य नागरिकझैं उनीहरूले बढ्दो स्वायत्ततासागसागै सम्मानको हकदार हुन पाउने र जोखिमपूर्ण अवस्थाअनुसारको संरक्षण पाउनुपर्ने कुरालाई दृष्टिगत गरी यी दुईअवस्थाबीच एकप्रकारको सन्तुलन कायम गर्नुपर्ने अवधारणा हो यो ।
यस अवधारणाले बालबालिकालाई हानिनोक्सानी पुऱ्याउन सक्नेतहका क्रियाकलापमा उनीहरूको सहभागिताले विकसित हुादै गरेको क्षमतामा आँच पुऱ्याउन सक्ने हुनाले त्यस्ता क्रियाकलापबाट समेत संरक्षण दिनुपर्छ भन्ने मान्यता राख्दछ ।
यसका साथै विकसित हुादै गरेको क्षमताबारेको सिद्धान्तले बालबालिकाको सम्मान, उनीहरूको स्वाभिमान र हानिनोक्सानीका यावत्रूपबाट सुरक्षित हुन पाउने हक तथा उनीहरू स्वयम्ले आफ्नो सुरक्षाको लागि गर्ने योगदान, यी दुई पक्षको महत्त्वलाई ध्यानमा राखी दुवै पक्षलाई एकठाउँमा ल्याएर जोडेको छ । समाजले आफ्नो जीवनबारे निर्णय लिनमा बालबालिकाको सम्भावनापूर्ण सहभागिता र जिम्मेवारीको ठूलो सम्मान गर्दै उनीहरूले अधिकतम क्षमता हासिल गर्ने वातावरण सिर्जना गर्नुपर्छ ।
कतिपय सिद्धान्तहरूले बालअधिकार र अन्य स्वार्थका बीचको अन्तर्सम्बन्धलाई तय गर्दछन् । यस्तामध्ये केही यसप्रकार छन्: अधिकार उपभोग गर्ने व्यक्तिका रूपमा १८ वर्ष मुनिका व्यक्तिको दृष्टिकोण, बालबालिकाको सर्वोत्तम हित, बालबालिकाको विकसित हुादै गरेको क्षमता, भेदभाव नगरिने, र लाभ हासिल गर्नका लागि आवश्यक पर्नेअवस्थाको प्रत्याभूति ।

यौन अधिकारको परिप्रेक्ष्यमा, यी सिद्धान्तहरूले निजीकृत (individualized) विधि/तरिका आवश्यक पर्छ । प्रौढ र परिष्कृत कार्य गर्ने, खास प्रकृतिको परिस्थितिलाई ख्याल गर्ने, जस्तै कुनै खास बालबालिकाको वा किशोरकिशोरीको बुझाइको स्तर, क्रियाकलाप, शारीरिक वा मानसिक स्वास्थ्यको अवस्था, बाबुआमा वा अन्य रूचि राख्ने पक्षहरूसागको सम्बन्ध, संलग्न हुनेहरूबीचको शक्ति-सम्बन्ध र विद्यमान मामलाको प्रकृति यस्तै विधिमा पर्छन् ।

सिद्धान्त ३ भेदभाव नगरिने भन्ने सिद्धान्तले सबै मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा जोड दिन्छ । आईपीपीएफ् गैरभेदभावमूलक आधारभूत संरचनाले सबै मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा जोड दिएको मान्दछ ।

आईपीपीएफले यस्तो गैरभेदभावमूलक आधारभूत संरचनाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अन्य जुनसुकै क्षेत्रमा अन्यसरह समानरूपमा सबै मानव अधिकारको मान्यता पाउने र उपभोग गर्न नदिने वा अमान्य घोषित गर्ने खालका, प्राकृतिक लिंग, उमेर, सामाजिक लिंग, लैंगिक पहिचान, यौनिक अभिमुखीकरण, वैवाहिकस्थिति, यौनजन्य इतिहास वा व्यवहार, वास्तविक वा आरोपित, जाति, वर्ण, जातीयता, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उद्भव, सम्पत्ति, जन्म, शारीरिक वा मानसिक अपांगता, एचआइभीएड्स लगायतका स्वास्थ्यस्थिति र नागरिक, राजनीतिक, सामाजिक, सांस्कृतिक वा अन्य प्रकारका अवस्थालाई निषेध गर्दछ भन्ने कुरा बुझेको छ ।

यौन अधिकारको क्षेत्रमा हुने भेदभाव सांस्कृतिक, आर्थिक, राजनीतिक वा सामाजिक अधिकारको असम्मान पहुँचमा देखिने हुन सक्छ किनभने लिंग, उमेर, सामाजिक लिंग, लैंगिक पहिचान, यौन अभिमुखीकरण, वैवाहिकस्थिति, यौन इतिहास वा व्यवहार, वास्तविक वा आरोपित, यौन अभिमुखीकरण र यौन अभ्यासका आधारमा यौन स्वास्थ्य सेवा, व्यापक यौन शिक्षा, यौनजन्य हिंसाको क्षतिपूर्तिजस्ता यौन अधिकारहरू दिन इन्कार गर्नेजस्ता कुराले कुनै व्यक्तिलाई अन्य व्यक्तिसरह अधिकार उपभोग गर्न दिँदैनन् ।

मानिसहरूले आफ्ना यौन अधिकार पूर्णरूपमा उपभोग गर्न विभिन्न अवरोध बेहोरेको अनुभव गरेका छन् । यस्तो विविधतापूर्ण व्यक्ति अनुभवका सन्दर्भमा, पर्याप्त समानताका लागि, अन्यसरह समान आधारमा स्वतन्त्रता तथा अधिकार उपभोग गर्न दिन त्यस्ता अवरोध हटाउनु आवश्यक छ । यस सन्दर्भमा सीमान्तीकृत र सेवाविमुख समूहतिर ध्यान दिनुपर्ने हुन सक्छ ।

सिद्धान्त ४. कसैले शिशु जन्माउने चाहना राखे तापनि वा नराखे तापनि यौन र यसबाट प्राप्त हुने सुख मानिसको केन्द्रीय (मूल) पक्ष हो, । यौनस्वास्थ्य आजीवन स्वास्थ्य हो । कसैले शिशु जन्माउने चाहना राखे तापनि वा नराखे तापनि यौन र यसबाट प्राप्त हुने सुख मानव जातिको केन्द्रीय (मूल) पक्ष हो । र, सबै प्रकारका प्रजननसम्बन्धी निर्णयका सन्दर्भमा यौन एक अखण्ड तत्व हो ।

यौनिकता भन्ने कुरा व्यक्तिका आफ्ना शिशु जन्माउने इच्छा तुष्टि गर्ने साधन मात्र होइन । यौन मामलामा अनुभव र सुख प्राप्त गर्न, प्रजननका लागि स्वतन्त्रता र यौनका सन्दर्भमा स्वेच्छिक प्रजनन स्वतन्त्रताको रक्षा गरिनुपर्दछ । खासगरी ऐतिहासिकरूपमा र अहिले पनि त्यस्तो स्वतन्त्रता उपभोग गर्न नदिइएकाहरूका लागि विशेष ध्यान पुऱ्याउनुपर्छ ।

सबै व्यक्ति यौनसुख प्राप्तिका लागि अनुकूलअवस्थाका हकदार छन् । यस्तो सुख निजी र सम्बन्धगत स्वायत्ततामा आधारित हुन्छ । यसका लागि यौन शिक्षा, स्वास्थ्य सेवा, हिंसा र जबरजस्तीबाट मुक्ति, न्याय, समानता र स्वतन्त्रताको मामलामा नैतिकताको विकास प्रत्याभुत गर्नेसम्बन्धी सार्वजनिक नीतिहरू बनेको हुनुपर्छ । सुख भन्ने विषय यौनिकताको प्रकृतिप्रदत्त (intrinsic) पक्ष भएकाले कसैले कसैको सुखभोग गर्न पाउनेअवस्थालाई इन्कार गर्न मिल्दैन ।

सिद्धान्त ५ सबैका लागि यौन अधिकार सुनिश्चित गर्नु भनेको हानिनोक्सानीबाट सुरक्षा र स्वतन्त्रता-प्रति प्रतिबद्ध हुनु हो । यौन अधिकारलाई हानी पुऱ्याउने सबै प्रकारका हिंसा र हानिनोक्सानीबाट सुरक्षा तथा त्यस्ता हानिनोक्सानीविरुद्ध लाग्न पाउने अधिकार । यौनसम्बन्धी हानिनोक्सानीमा शारीरिक, मौखिक, मनोवैज्ञानिक, आर्थिक, र यौनप्रकृतिका हिंसा र दुराचार हुनाका साथै कुनै व्यक्तिलाई उसको लिंग, उमेर, सामाजिक लिंग, लैंगिक पहिचान, यौन अभिमुखीकरण, वैवाहिक अवस्था, यौन इतिहास तथा व्यवहार, वास्तविक या आरोपित, यौन अभ्यास वा उसका त्यस्ता यौनजन्य अभ्यास कसरी प्रकट हुन्छ भन्ने आधारमा गरिने हिंसा र दुर्व्यवहार पर्दछन् ।

सबै बालबालिका तथा किशोरकिशोरी सबै प्रकारका शोषणबाट विशेष संरक्षित हुने अधिकार राख्दछन् । यसमा यौनशोषण, बाल वेश्यावृत्ति र सबै प्रकारका यौन दुराचार, हिंसा र हेपाइ, बालबालिकालाई जबरजस्ती कुनैपनि प्रकारको यौन गतिविधिमा लगाउने वा कुनै त्यस्तो सामग्रीमा वा अश्लील नग्न गतिविधिमा लगाउनेजस्ता क्रियाकलाप पनि पर्दछन् ।

सिद्धान्त ६ यौन अधिकार लोकतान्त्रिक समाजमा सामान्य कल्याणका निम्ति, अरूका अधिकार र स्वतन्त्रताको सम्मान एवम् मान्यतालाई सुरक्षित हेतुले कानुनले निर्धारण गरेका सीमासम्म मात्र रहनेछन् ।

यौन अधिकार अन्य मानव अधिकारजत्तिकै लोकतान्त्रिक समाजमा सामान्य कल्याणका निम्ति, अरूका अधिकार र स्वतन्त्रताको सम्मान एवम् मान्यतालाई सुरक्षित हेतुले कानुनले निर्धारिण गरेका दायरासम्म मात्र कायम रहनेछन् । मानव अधिकार कानुनअनुरूप सार्वजनिक स्वास्थ्य र सुव्यवस्था यस सन्दर्भमा उल्लेखनीय छ । यस्ता सीमा लक्ष्य प्राप्त गर्ने हदसम्म आवश्यक मात्रामा र भेदभावरहित हुनेपर्छ । यौन अधिकारको अभ्यास व्यक्ति र समाजबीचका गतिशील सम्बन्ध र सचेतताबाट निर्देशित हुनुपर्दछ, दृष्टिकोणको बहुलता हुन्छ भन्ने कुरा आत्मसात् गरी विभिन्नताको मर्यादा, समानता र आदरको प्रत्याभुति (ग्यारेण्टी) का लागि हुनुपर्दछ ।

## सिद्धान्त ७ सबै प्रकारका यौनसम्बन्धी अधिकार र स्वतन्त्रता लागू गर्नुपर्ने जिम्मेवारी (obligations)

मुख्य-मुख्य कानुनी उपचारको दावी गर्नुका साथै ती दावीअनुकूल हासिल गर्न चाहिने साधनहरूमा पहुँच पनि यौनसम्बन्धी अधिकार र स्वतन्त्रताभित्रै पर्छ । यसमा राज्यले अन्य मानव अधिकारको कार्यान्वयनमा गर्नुपरेझैं तीनस्तरमा जिम्मेवारी पूरा गर्नुपर्छ: ***सम्मान गर्ने, सुरक्षा दिने* र *सबैको यौन अधिकार प्रत्याभूत गर्ने* ।**

**सम्मान गर्ने** जिम्मेवारीमा राज्यले प्रत्यक्ष वा परोक्षरूपमा कुनै खास अधिकार उपभोगमा  हस्तक्षेप हुन नदिने काम गर्नुपर्छ । यस अर्थमा यौनसम्बन्धी अधिकार पर्न आउँछ । **सुरक्षा दिने**मा मानव अधिकारको प्रत्याभूतिमाथि हस्तक्षेप गर्नबाट तेस्रो पक्षलाई रोक्न आवश्यक उपाय अपनाउने काम पर्दछ भने **सबैको यौन अधिकार उपभोग गर्न लगाउने**मा राज्यले उपयुक्त कानुनी, प्रशासनिक, वित्तीय, न्यायिक, प्रवर्द्धनात्मक तथा अन्य उपाय अवलम्बन गरी अधिकार प्रत्याभूत गर्ने काम पर्दछ ।

राज्यहरू नै आफ्नो सीमाक्षेत्रभित्र सम्मान गर्ने, सुरक्षा दिने र सबैको मानव अधिकार प्रत्याभूत गर्ने प्रथम कर्तव्य पालनकर्ता हुन् । नागरिक समाजमा रहेका अन्य कार्यकर्ताहिरूका कामकारवाही र गल्तीले यौन अधिकारको उपभोगमा असर पार्ने हुनाले उनीहरू पनि उत्तरदायी बन्नु आवश्यक छ ।  यिनमा अन्य राज्यलाई पनि समावेश गर्न सकिन्छ: सीमापारका सहायता संस्था वा विकास सहयोगका माध्यमबाट सञ्चालित कार्यक्रम, सुरक्षा संरचना र अन्य संघीय इकाईहरू तथा गैरराज्य कार्यकर्ता, व्यापारिक, गैरनाफामूलक, र धार्मिक संघसंस्थाहरू तथा निजीस्तरका व्यक्तिहरू पर्दछन् ।

अत: राज्यले व्यक्तिको यौन अधिकारमाथि हस्तक्षेप गर्ने वा उल्लंघन हुनेअवस्थालाई रोक्नुपर्छ, ती अधिकार तेस्रो पक्षबाट हनन हुन नदिन र संरक्षण गर्न सकारात्मक कदम चाल्नुपर्छ र आवश्यक उपाय अवलम्बन गर्नुपर्छ । यसमा यौन अधिकारको अनुभूति दिलाउन प्रभावकारी, सहभागितात्मक र उत्तरदायी संस्थाहरूको निर्माण गर्ने तथा स्रोत विनियोजन गर्ने कामसमेत पर्दछन् ।

आईपीपीएफ आफ्नो क्षमताभित्र रहेसम्म आफ्ना सबै सदस्यसंघहरूलाई यौन अधिकारहरूको सम्मान, संरक्षण र उपभोग गर्न, अनुसरण गर्न र राज्य तथा अन्य कार्यकर्ताले कानुनी, प्रशासनिक, वित्तीय तथा अन्य नीति र अभ्यासका लागि यस्ता अधिकारको सम्मान, संरक्षण, र उपभोग गर्ने गराउने विषयमा वकालत गर्न, सहयोग गर्न र प्रोत्साहित गर्न प्रतिबद्ध छ ।

## यौन अधिकार: यौनिकतासाग सम्बन्धित मानव अधिकार

आईपीपीएफले यौन अधिकारलाई मानव अधिकारका रूपमा लिएको छ । यौन अधिकार यौनिकतासाग सम्बन्धित अधिकारहरूको समष्टिगतरूप हो र यो सबै मानिसको स्वतन्त्रता, समानता, गोपनीयता, स्वायत्तता, अखण्डता र स्वाभिमानको अधिकारबाट नि:सृत भएको हुन्छ ।

यौनिकतासम्बन्धी महत्त्वपूर्ण सिद्धान्तहरूलाई धेरै अन्तर्राष्ट्रिय उपकरण, मान्यता तथा मापदण्डहरूले स्वीकार गरेका छन् । यौनिकताको मामलामा विद्यमान यौन अधिकार लागू भएको अवस्थामा मात्र अधिकार विशेष मान्यता हुन् । यौन अधिकारले खासखास पहिचानको संरक्षण गर्दछ तर यसभन्दा पनि पर मानिसले अरूका अधिकारको सम्मान गर्दै भेदभावरहितताको ढाँचाभित्र आफ्नो यौनिकता पूरा गर्न तथा अभिव्यक्त गर्न पाउनेअवस्थासम्म यो पुग्दछ ।

निम्नानुसारका यौन अधिकारहरू मानव यौनिकताको क्षेत्रमा आकर्षित हुने मानव अधिकारका आधारभूत र स्थापित सिद्धान्त हुन् । तिनको कार्यान्वयन खासगरी गरिब, सीमान्तीकृत, सामाजिकरूपमा समावेश नगरिएका र कम सेवा उपलब्ध गराइएकाहरूका लागि महत्त्वपूर्ण हुन्छ । यस्ता चरित्र वा विशेषता ऐतिहासिक पनि हुन सक्छन्, भर्खरै देखिएका पनि हुन सक्छन् ।

आईपीपीएफ मानव अधिकारका विश्वव्यापकता, अन्तर्सम्बन्ध, अन्तर्निर्भरता र अविभाज्यताजस्ता विशेषतालाई मान्ने भएकाले, निम्नानुसारका क्रममा राखिएका यौन अधिकार यस घोषणामा समाहित गरिएका छन् तर कुनै खास तहविशेषमा मात्र क्रमबद्ध गरिएका छैनन् । निम्नानुसारका धाराको कार्यान्वयन साधारण सिद्धान्तका रूपमा गरिनुपर्दछ:

॥ धारा १ ॥ सबै प्रकारका लिंग, यौनिकता वा लैंगिकताका आधारमा गरिने सबै प्रकारका भेदभावविना समानताको अधिकार, समान कानुनी सुरक्षाको अधिकार ।

- जन्मदा सबै मान्छे स्वतन्त्र, समान, स्वाभिमान र अधिकार भएका हुन्छन् । लिङ्ग, यौनिकता र लैंगिकताका आधारमा कुनै भेदभावविना सबैले समान कानुनी सुरक्षाको हक उपभोग गर्न पाउने अधिकार छ ।
- सबै व्यक्तिहरूलाई राज्यले दिएका सम्पूर्ण अधिकारहरू उपभोग गर्नका लागि विश्वसनीय वातावरणको सृजना गर्नुपर्दछ । राज्य र नागरिक समाजले महिला र पुरूषको परम्परागत भूमिका वा धारणा र सोच तथा लैंगिक उच्चता तथा नीचताको भावना तथा लैंगिकता वा लैंगिक अभिव्यक्तिलाई हेर्ने सामाजिक तथा सांस्कृतिक चालचलनलाई सुधार गर्ने कामको प्रवर्द्धनका लागि कदम चाल्नुपर्छ ।
- सबै व्यक्तिलाई कुनैपनि आधारमा विनाभेदभाव काम गर्ने, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा तथा अन्य आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका साथै वस्तु, सेवा सुविधा लिने अधिकार छ ।
- सबै व्यक्तिलाई आफ्नो हैसियत कायम गर्न कानुनी हैसियत र समान अवसर छ, सम्पत्ति भोगचलन गर्ने अधिकार छ । बच्चाको विकसित क्षमताको कदर गर्दै अदालती प्रक्रिया तथा इजलासमा सबै व्यक्ति समान हैसियत राख्दछन् ।

- सबै व्यक्तिहरूलाई कुनै भेदभावविना घुमफिर गर्ने तथा बसोबासको लागि ठाउँ वा आवास छनोट गर्ने स्वतन्त्रता छ कानुनीरूपमा पनि उत्तिकै समान अधिकार छ ।

॥ धारा २ ॥ सबै व्यक्तिहरूलाई विनाभेदभाव लिंग, यौनिकता वा लैंगिकताका बाबजूद सहभागिताको उत्तिकै अधिकार छ ।

- सबै व्यक्तिलाई मौलिक स्वतन्त्रता तथा मानव अधिकार छ भन्ने महसुस गर्न नागरिक, आर्थिक, सामाजिक, साँस्कृतिकतहमा राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरमा सक्रिय, स्वतन्त्र तथा सार्थक सहभागिताको अधिकार छ ।
- सबै व्यक्तिलाई यौनिक तथा प्रजनन स्वास्थ्य, विवाह, योग्यता, एच्आईभीको अवस्था अथवा विभेदपूर्ण लैंगिक मूल्यमान्यता, अवधारणा आदिसम्बन्धी विनाऔपचारिक तथा अनौपचारिक बन्देज तथा विनापूर्वाग्रह आफ्नो हितलाई निर्धारण गर्नेसम्बन्धी नीति निर्माण तथा तिनको कार्यान्वयनमा सहभागी हुने अधिकार छ ।
- यौन तथा प्रजनन अधिकारको उपभोग गर्नबाट बारम्बार बञ्चित भएका युवाहरूलाई आफ्नो समाजको परिवर्तनको प्रक्रियामा सहभागी हुने तथा आफ्ना कुरालाई अघिसार्ने अधिकार छ । उनीहरूसाग यौन तथा प्रजनन स्वास्थ्य अधिकारहरूको रक्षा गर्ने, सम्वर्द्धन गर्ने र अधिकार उपभोग गर्ने नीति तथा कार्यक्रम बनाउने र त्यस क्षेत्रमा सार्थक योगदान पुर्‍याउने उपायहरू हुन्छन् ।
- सबै व्यक्तिले कुनैपनि आधारमा गरिने भेदभावविना सार्वजनिक तथा राजनैतिक जीवनमा सहभागी हुन, सार्वजनिक पद धारण गर्न र सार्वजनिक उत्सव समारोह गर्न पाउनुपर्छ ।

- सहभागिताको आधारका रूपमा सबै व्यक्तिले विनाभेदभाव स्वतन्त्रपूर्वक हिँड्डुल गर्ने, देशबाहिर जाने वा आफ्नै देशमा फर्कने तथा समानरूपमा घुमफिरका लागि आवश्यक पर्ने कागजात पाउनुपर्दछ ।

## ।। धारा ३ ।। सबै व्यक्तिको बाँच्न पाउने, स्वतन्त्रता, सुरक्षा र शारीरिक अखण्डताको अधिकार

- सबै व्यक्तिलाई सामान्यतया बाँच्न पाउने र स्वतन्त्र रहन पाउने अधिकार छ र विशेषतः निषेधित आधारमा गरिने भेदभावबाट मुक्त रही कुनैपनि किसिमका यातना र क्रूरताबाट, जबरजस्ती वा हिंसाबाट मुक्त रही आफ्नो यौनिकताको अभ्यास गर्ने अधिकार हुनेछ ।
- सबै व्यक्तिलाई आफ्नो जीवन तथा शारीरिक अखण्डताको अधिकार छ । यस्ता अधिकारलाई चुनौती दिने वा बदला लिने मनसायले पारिवारिक सम्मानमा आँच आउने गरी जोखिममा पार्न हुँदैन ।
- कुनैपनि व्यक्तिलाई उसको यौन आचरणका इतिहास वा आनीबानी, उसको लैंगिक पहिचान तथा अभिव्यक्तिका आधारमा कानूनी वा कानूनबाहिरका कुनैपनि आधार लिई मार्ने वा शारीरिक दण्डको भागी बनाउने काम गर्नुहुँदैन ।
- कुनैपनि महिलाको जीवन वा स्वास्थ्यलाई उसको गर्भमा रहेको भ्रुणको आधारमा जोखिममा पारिनु हुँदैन र मानसिक तथा शारीरिकअवस्थाले गर्दा उसलाई औषधोपचारबाट वञ्चित गर्नु हुँदैन ।
- कुनैपनि महिलालाई आफ्नो यौनिकताको अभ्यास गर्दैमा निन्दा गर्ने वा कसैसाग यौन सम्बन्ध राख्दैमा जबरजस्ती मातृत्वको भार व्यहोर्नुपर्छ भन्ने छैन ।
- सबै व्यक्तिलाई महिला योनिच्छेदन, वा बाल विवाह वा जबरजस्ती विवाहलगायत स्वास्थ्यका निम्ति हानिकारक परम्परागत चलनबाट जोगिन पाउने अधिकार छ ।
- सबै व्यक्ति सशस्त्र द्वन्द्वको अवस्थामा या बन्दी रहेको अवस्थामा कुनैपनि प्रकारका शारीरिक, मौखिक, मनोवैज्ञानिक तथा आर्थिक दुर्व्यवहार, यौन दुराचार, यौन हिंसा, बलात्कार, वैवाहिक वा विवाहइतर जबरजस्ती यौन सम्बन्ध राख्नुपर्नेजस्ता हिंसाबाट मुक्त हुन पाउने अधिकार राख्दछन् ।
- कुनै भेदभाव वा लाञ्छनाविना सबै लिङ्गका यौनकर्मीलाई उनीहरूको लिङ्ग, यौनिकता तथा लैंगिकताका आधारमा प्राकृतिक तथा अप्राकृतिक वैवाहिक वा विवाहइतर यौन क्रियाकलापमा सहभागी हुन पाउने अधिकार छ ।
- मन्जुरीपूर्वक भएको यौन क्रियाकलापका आधारमा कुनैपनि व्यक्तिलाई कुनै आधारविना जबरजस्ती बन्दी तुल्याउनु वा गैरकानूनी काम गरेको ठह्र्याउनु हुँदैन ।

- व्यक्तिका यौनिक छनोट, वास्तविक वा आरोपित यौन कर्मलगायतका अभ्यास र अभिव्यक्तिका आधारमा हिंसा वा दुर्व्यवहार वा अपमानमा क्षमा वा सजाय न्यून गर्ने कामलाई उचित मान्न सकिनेछैन ।
- सबै आप्रवासी तथा प्रवासी कामदारहरू, खासगरी युवा वर्ग, महिला तथा तेस्रो लिंगी आप्रवासी काम गर्ने देशमा पहुँच हुनुका साथै उनीहरूको लिङ्ग तथा लैंगिक अभिव्यक्तिका आधारमा हिंसा, शारीरिक क्षति र दुर्व्यवहारबाट मुक्त हुन पाउने तथा आफ्नो यौन स्वास्थ्य र अधिकारलाई रक्षा गर्ने र उपभोग गर्ने अधिकार छ ।
- व्यक्तिलाई लिंग, लैंगिकता, लैंगिक पहिचान, यौन इतिहास, यौन अभिमुखीकरण, गम्भीर किसिमको दुर्व्यवहारबाट जोगाउन राज्यको कारवाहीका कारणबाट वा राज्यले पर्याप्त कदम नचालेका कारणबाट उत्पन्न हुने दुर्व्यवहारबाट जोगिन आश्रय खोज्न र उपभोग गर्न पाउने अधिकार सबै व्यक्तिलाई छ ।
- लिङ्ग, लैंगिकता, लैंगिक पहिचान, यौन इतिहास वा यौन पहिचान वा एच् आई भी  को स्थितिका आधारमा कुनैपनि व्यक्तिलाई राज्यले देश निकाला गर्न पाउँदैन ।

## ॥ धारा ४ ॥  गोप्यता राख्न पाउने अधिकार

- विना कुनै जोरजुलुम वा जबरजस्ती सबैलाई आफ्नो यौन स्वतन्त्रताको उपभोग गर्नका लागि नभई नहुने, गोप्यता, परिवार, घर, कागजात तथा अन्य प्रकारका चिठीपत्रका आधारमा व्यक्तिगत गोप्यता भङ्ग गर्न नदिने अधिकार छ ।
- सबै मानिस विना कुनै जोरजुलुम वा जबरजस्ती यौनका मामलामा स्वायत्त छन् र आफ्नो यौनिकता, यौन व्यवहार र यौन घनिष्ठता सम्बन्धी निर्णय लिन सक्षम हुनेछन् ।
- सबै व्यक्तिलाई यौन स्वास्थ्य सेवा र सुविधा तथा मेडिकल रेकर्डका साथै एचआईभीको अवस्था एवम् अन्य प्रकारका सूचना गोप्य राख्न पाउने अधिकार छ । कुनैपनि प्रकारको जबरजस्तीले गोप्यता भंग गर्ने वा त्यसरी भंग गर्ने धम्कीबाट, विनाभेदभाव, अनुमति सीमासम्मको, प्रेमवर्कभित्र रही सुरक्षित हुन पाउने अधिकार छ ।
- कुनैपनि व्यक्तिलाई आफ्नो यौनिकताको छनोट, यौन इतिहास, यौनसाथी, यौन व्यवहार तथा यौनिकतासम्बन्धी अन्य विषयमा जानकारी वा सूचना भंग हुनबाट नियन्त्रण गर्ने अधिकार छ ।

## ॥ धारा ५ ॥ व्यक्तिगत स्वायत्तता तथा कानुनी मान्यता पाउने अधिकार

- सबै व्यक्तिलाई स्वतन्त्र किसिमले यौनिकतासम्बन्धी विषयमा आफ्ना यौनसाथी चयन गर्ने, भरपूर यौनसुख प्राप्त गर्ने, भेदभावरहित ढंगले अरूका अधिकारको पूर्ण सम्मान गर्दै तथा बालबालिकाको हुर्कंदै गरेको क्षमतालाई दृष्टिगत गरी स्वतन्त्रतापूर्वक नियन्त्रण तथा निर्णय लिने अधिकार छ र उनीहरूलाई यौन स्वतन्त्रता एवम् कानुनका अगाडि मान्यता पाउने अधिकार छ ।
- सबै व्यक्तिलाई जहाँसुकै तथा जुनसुकै आधारमा पनि भेदभावविना कानुनका अगाडि मान्यता पाउने अधिकार छ ।
- सबै व्यक्तिलाई सामाजिक, राजनीतिक र आर्थिकअवस्थाको वातावरणमा अधिकार र स्वतन्त्रता पाउने, भेदभाव, हिंसा तथा जबरजस्तीबाट मुक्त रही आफ्नो स्वायत्त तथा सम्बन्धगत यौन अभ्यास र आचरण गर्ने अधिकार छ ।
- कुनैपनि व्यक्तिलाई पारस्परिक सहमतिमा राखिएको यौन सम्बन्ध वा व्यवहारलाई लिएर जबरजस्ती अपराधीकरण गरी कानुन लगाउन मिल्दैन न त लिंग, यौनिकता, लैंगिकता वा सहमतिमूलक यौन अभ्यासका आधारमा कसैलाई गिरफ्तार गर्न वा थुनछेक गर्न नै पाइन्छ ।
- हिरासतमा रहेका कसैलाई पनि निषेधात्मक भेदभावका आधारमा दुर्व्यवहार तथा क्षतिको खतरा मोल्नु नपर्ने अधिकार छ । हिरासतमा रहेका जोसुकैलाई पनि सीमान्तीकरणबाट बच्ने र नियमितरूपमा पति वा पत्नीसाग भेटघाट गर्ने अधिकार छ ।

- कुनैपनि व्यक्तिलाई मानव ओसारपसारसाग सम्बन्धित अपराधको कारणबाट हुन जाने हानिनोक्सानीबाट मुक्त हुने अधिकार छ ।
- कुनैपनि व्यक्तिलाई गैरस्वेच्छिक औषधिजन्य अनुसन्धान वा विधिको (medical research and procedure) प्रयोजनका लागि उपयोग गर्न, जबरजस्ती कुनै औषधि परीक्षण गर्नमा सामेल गर्न वा वास्तविक वा आरोपित जेजस्तो भए तापनि सुरक्षित यौनिक अभिव्यक्ति, यौन अभिमुखीकरण, यौन इतिहास वा व्यवहारका आधारमा जबरजस्ती औषधिजन्य श्रम गर्न बाध्य पार्न मिल्दैन ।
- कुनैपनि व्यक्तिलाई कानुनी मान्यताका लागि लैंगिक पहिचान आवश्यक पर्ने हुनाले जबरजस्ती लिंग बदल्न गरिने शल्यचिकित्सा, हार्मोनको उपचार (hormonal therapy), बन्ध्याकरण, औषधीय विधि र प्रक्रियामा सामेल गर्न मिल्दैन । यसैगरी कुनैपनि व्यक्तिको उमेर, लिंग, लैंगिकता, लैंगिक पहिचान वा लैंगिक अभिमुखीकरण आदिलाई लुकाउन, दमन गर्न वा इन्कार गर्न मिल्दैन ।
- कुनै व्यक्तिको लैंगिकता, सामाजिक लिंग, लैंगिक पहिचान आदि स्वयम् निर्धारित गरेको प्रतिविम्बित हुने खालका जन्म प्रमाणपत्र, राहदानी वा निर्वाचन प्रयोजनका लागि राखिएको अभिलेखलगायत अन्य प्रमाण-पत्रसमेत प्राप्त गर्ने अधिकारलाई इन्कार गर्न मिल्दैन ।

**॥ धारा ६ ॥** विचार, धारणा र अभिव्यक्तिको अधिकार, संघसंस्थामा आबद्ध हुन पाउने अधिकार:

- दमनकारी सांस्कृतिक विश्वास वा राजनीतिक विचारधारा वा सामाजिक नैतिकता, सार्वजनिक स्वास्थ्य वा सार्वजनिक सुरक्षा र सार्वजनिक व्यवस्था कायम गर्ने नाममा राखिने भेदभावमूलक मान्यताका आधारमा कसैलाई पनि जबरजस्ती वा सीमित नगरी सबै व्यक्तिलाई यौनिकता, यौन अभिमुखीकरण, लैंगिक पहिचान र यौन अधिकारसम्बन्धी आफ्ना विचार र धारणा व्यक्त गर्ने अभिव्यक्तिको स्वतन्त्रता छ ।
- सबै व्यक्तिलाई बालबालिकाको बढ्दो हैसियतलाई ध्यानमा राखी भेदभाव र हस्तक्षेपविना आफ्नो विचार राख्न पाउने स्वतन्त्रताका साथै विचार, चेतना र धर्म मान्ने स्वतन्त्रता छ ।
- सबै व्यक्तिलाई लाज, संकोच, हीनताभास र अन्धविश्वास एवम् अन्य कुनैपनि नियन्त्रणकारी तत्वहरूबाट नडराइकन आफ्नो यौनिकता खोज्ने, सपना देख्ने, परिकल्पना गर्ने अधिकार छ ।
- सबै व्यक्तिलाई, खासगरी महिलालाई, बोलेर, व्यवहार गरेर, पोसाक लगाएर, शारीरिक विशेषता देखाएर, नामको छनोट गरेर वा अन्य माध्यमबाट आफ्नो व्यक्तित्व व्यक्त गर्ने अधिकार छ ।
- सबै व्यक्तिलाई बालबालिकाको बढ्दो हैसियतलाई ध्यानमा राखी कुनै सीमा र भेदभावविना मानव अधिकार, यौन अधिकार, यौन अभिमुखीकरण, लैंगिक पहिचान र यौनिकतासम्बन्धी जानकारी वा सूचना कुनैपनि प्रकारको कानुनी माध्यमबाट खोज्ने, लिने र प्रयोग गर्ने अधिकार छ ।
- सबै व्यक्तिलाई विविधतायुक्त संरचनामा शान्तिपूर्णरूपमा संगठित हुने र संघसंस्थामा आबद्ध हुने स्वतन्त्रता छ । यसमा समूहहरू खोल्न, स्थापना गर्न, आबद्ध हुन तथा कुनैपनि माध्यमबाट सामाजिक व्यवस्थाको कुनैपनितहमा अधिकार र स्वतन्त्रता उपभोग गर्नका लागि मानव अधिकार, यौन अधिकार, यौन अभिमुखीकरण, लैंगिक पहिचान र यौनिकतासम्बन्धी विषयका कुनैपनि सूचना वा विचार विकसित गर्न, आदानप्रदान गर्न, अभियान चलाउन तथा आफूमा समाहित गर्न सकिनेजस्ता अधिकार पनि पर्दछन् ।

**॥ धारा ७ ॥** स्वास्थ्य तथा विज्ञानको प्रगतिको लाभ प्राप्त गर्न पाउने अधिकार

- सबै व्यक्तिलाई शारीरिक तथा मानसिक स्वास्थ्यको उच्चतम मापदण्ड प्राप्त गर्ने अधिकार छ । यसअन्तर्गत स्वास्थ्यका आधारभूत निर्धारक तत्वहरूका साथै यौन सम्बन्धी चासो, समस्या तथा खराबीको निदान, उपचार र रोकथाम पर्दछन् ।
- सबै व्यक्तिलाई अनिच्छित गर्भाधानबाट र एच्आईभी एड्सलगायतका यौनजन्य संक्रमणबाट बच्न सुरक्षित यौनका लागि अग्रसर हुने अधिकार छ ।
- सबै व्यक्तिलाई आफ्नो समुदायमा सार्वजनिक स्वास्थ्य राम्रो राख्न कानुन, नीति, कार्यक्रम र सेवाको स्थापना गर्नमा सहभागी हुने अधिकार छ ।
- सबै स्वास्थ्य सेवा र कार्यक्रम सीमान्तीकृत व्यक्ति र समुदायका विशेष आवश्यकताप्रति संवेदनशील हुनुपर्दछ ।
- सबै व्यक्तिको स्वतन्त्रतापूर्वक स्वास्थ्य सेवा प्रदायकहरूबाट अत्यधिक मात्रामा सेवा लिन पाउने गरी स्वास्थ्य सेवामा पहुँच हुनुपर्दछ ।
- सबै व्यक्तिलाई स्वास्थ्यसाग सम्बन्धित यौन अधिकार, यौन अभिमुखीकरण, यौनिकता, तथा लैंगिक पहिचानबारेका सूचनामा पहुँच हुनुपर्दछ र सम्भव भएसम्मको वैज्ञानिकरूपमा प्रमाणित मान्यताप्राप्त अनुसन्धान र प्रमाणमा आधारित स्वास्थ्य सेवामा पहुँच हुनुपर्दछ ।
- यौनकर्मीलगायत सबै व्यक्तिलाई काम गर्ने सुरक्षित अवस्था, स्वास्थ्य सेवामा पहुँच, सुरक्षित यौन सम्बन्ध राख्नका लागि आवश्यक सहयोग तथा सुरक्षा पाउने अधिकार छ ।

- जबरजस्ती विस्थापित गरिएका वा सशस्त्र द्वन्द्वमा परेका सबै व्यक्तिका लागि व्यापकरूपमा यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच हुनुपर्दछ ।
- सबै व्यक्तिलाई यौन स्वास्थ्य र यौन अधिकारको उपभोगका लागि वैज्ञानिक उन्नतिबाट लाभ पाउने अधिकार छ । सबै व्यक्तिलाई अन्य व्यक्तिसरह, भेदभावविना, प्रजनन स्वास्थ्य प्रविधि, सेवा तथा औषधोपचार कार्यक्रम नामन्जुर गर्ने अधिकार छ । यसमा भेदभावरहितता तथा बालबालिकाको बढ्दो हैसियतजस्ता उमेरमा आधारित सीमालाईसमेत ख्याल गर्नुपर्नेछ ।
- सबैलाई अन्यसरह समान आधारमा विनाभेदभाव वैज्ञानिक अनुसन्धानमा सहभागी हुन स्वीकार गर्ने वा इन्कार गर्ने अधिकार छ ।

॥ धारा ८ ॥ सूचना तथा शिक्षा पाउने अधिकार

- सबै व्यक्तिलाई विनाभेदभाव सामान्यतया पूरै नागरिकको हैसियत प्राप्त गर्न निजी, सार्वजनिक, र राजनीतिक क्षेत्रमा समानताका लागि उपयोगी तथा आवश्यक पर्ने शिक्षा र सूचना पाउने अधिकार छ ।
- सबैलाई लाञ्छना र भेदभाव उन्मूलनका लागि सुसूचित कार्यकर्ताका रूपमा आफ्नो जीवनको जिम्मेवारी वहन गर्न युवाहरूलाई यौन स्वास्थ्य तथा यौन शिक्षासम्बन्धी नीति निर्धारण गर्ने काममा सहभागी हुन सक्षम हुने गरी विकसित गर्न लक्षित गरिएको शिक्षा पाउने अधिकार छ ।
- सबै व्यक्ति र खाससगरी युवाहरूलाई यौनसम्बन्धी नीति तथा व्यापक यौन शिक्षा कार्यक्रममा आफ्नोतर्फबाट योगदान पुऱ्याउने अधिकार छ ।
- सबै व्यक्तिलाई दृढतापूर्वक आफ्ना कुरा राख्ने तथा बढीभन्दा बढी समानतापूर्ण सम्बन्ध राख्नका लागि सीप विकास गर्ने माध्यममाथिको अधिकार छ ।
- सबैलाई र खाससगरी युवाहरूलाई राष्ट्रिय साँधसीमानाभित्र मात्र सीमित नरही यौनिकता वा लिंग नतोकिएका मानिसहरूका यौनिकताबारे तथा यौन अधिकार तथा यौन स्वास्थ्य प्रवर्द्धनका सबैजसो परम्परागत तथा गैरपरम्परागत माध्यमबाट सूचना पाउने अधिकार छ ।
- सबै व्यक्तिलाई  यौनिकताबारे बुझ्न सकिने भाषामा समुदाय, विद्यालय, तथा स्वास्थ्य सेवा दिने संस्थामा रहेका सूचना पाउने अधिकार छ । यसमा यौन तथा प्रजनन स्वास्थ्य, कहिले, कसरी र कोसाग सम्भोग गर्ने तथा कहिले यौन सम्बन्धबाट बच्चा जन्माउन लायक भइन्छ भन्नेसम्बन्धमा निर्णय गर्नका लागि चाहिने माध्यमसम्बन्धी सूचना पाउने हकसमेत पर्दछ ।
- सबैलाई आफूले आफ्ना यौनिक तथा प्रजनन जीवन पूर्ण, स्वतन्त्र र सुसूचित परामर्शयुक्त बनाउन गरेका निर्णयसम्बन्धी पर्याप्त शिक्षा र सूचना पाउने अधिकार छ ।

॥ धारा ९ ॥ बिहे गर्ने वा नगर्ने, परिवार बसाउने या नियोजन गर्ने, बच्चा जन्माउने वा नजन्माउने, कहिले र कसरी जन्माउने सोबारे स्वेच्छाले छनोट गर्न पाउने अधिकार

- सबै व्यक्ति, वंश वा वैवाहिकस्थिति किटान नभइसकेकाहरूसमेत (जस्तै देहव्यापारको क्रममा जन्मेका वा बिहे प्रमाणित नभएका), लाई कानुन र नीतिहरूले मान्यता दिएअनुसारको विविधतापूर्ण पारिवारिकस्वरूपको वातावरणमा बिहे गर्ने वा नगर्ने, परिवार बसाउने या परिवार नियोजन गर्ने, बच्चा जन्माउने वा नजन्माउने, कहिले, कतिजना र कति समयको अन्तरमा बच्चा जन्माउने सोबारे स्वतन्त्रतापूर्वक र जिम्मेवारीपूर्वक छनोट गर्न पाउने अधिकार छ ।

- बालबालिकाको बढ्दो हैसियतलाई ध्यानमा राखी सबैलाई विनाभेदभाव स्वतन्त्रतापूर्वक वैवाहिक सम्बन्ध गाँस्न र उपलब्ध सबै प्रकारका साझेदारी सम्बन्ध कायम गर्ने अधिकार छ ।

- सबैलाई, वंश वा वैवाहिकस्थिति किटान नभइसकेकाहरूसमेतलाई,  परिवारसम्बन्धित रोजगारी र अध्यागमनजस्ता सामाजिक  कल्याण तथा अन्य सार्वजनिक लाभ छनोट गर्ने अधिकार छ ।

- सबैलाई बच्चा जन्माउने वा नजन्माउने, जन्माउने भए कतिजना बच्चा जन्माउने, कति समयान्तरमा जन्माउने भन्ने विषयमा स्वतन्त्रतापूर्वक र जिम्मेवारीपूर्वक निर्णय गर्न सक्ने माध्यम तथा सूचना र शिक्षा पाउने अधिकार छ ।

- सबैलाई आफ्नो परिवार बसाउने, नबसाउने र बच्चा जन्माउने, नजन्माउनेबारे स्वतन्त्रतापूर्वक र जिम्मेवारीपूर्वक छनोट गर्ने अधिकार छ । साथै धर्मपुत्र वा धर्मपुत्री राख्ने वा नराख्ने तथा बच्चा जन्माउने क्षमतालाई निरन्तरता दिन, प्रजनन प्रविधि र उपचार गर्नका लागि सुरक्षित, प्रभावकारी, स्वीकारयोग्य एवम् अवलम्बनयोग्य विधि अपनाउने या नअपनाउनेबारे छनोट गर्ने अधिकार छ ।

- बालबालिकाको बढ्दो हैसियतलाई ध्यानमा राखी बिनाभेदभाव, चाहे उसको वैवाहिकस्थिति किटान भएको होस् वा नहोस्, सबैलाई बाँझोपन तथा गर्भ राख्ने वा नराख्ने भन्ने विषयमा परामर्श तथा प्रजननसाग सम्बन्धित सेवा लिन पाउने अधिकार छ ।

- सबै महिलालाई सबै प्रयोगकर्तालाईभैाः पहुँचमा रहेका, अपनाउन सकिने, स्वीकारयोग्य र सुविधाजनक सेवासुविधा आफ्नो प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व तथा सुरक्षित गर्भपतनजस्ता अधिकारको रक्षाका लागि सूचना, शिक्षा र सेवा पाउने अधिकार छ ।

- राष्ट्रिय कानुनमा त्यस्ता संस्थाको अवधारणा भएका खण्डमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी सबै व्यक्तिलाई अभिभावकत्व लिने, गुठी बनाउने (तचगकतभभकजष्ठ) तथा धर्मसन्तान ग्रहण गर्ने उत्तिकै अधिकार छ ।

॥ धारा १० ॥ जवाफदेहिता र क्षतिपूर्ति पाउने अधिकार:

- सबै व्यक्तिलाई यौन अधिकार प्रदान गर्ने कर्तव्य तोकिएका व्यक्ति वा निकायहरू पूर्णरूपमा आफूप्रति जवाफदेही रहेको सुनिश्चित गर्नका लागि प्रभावकारी, पर्याप्त मात्रामा, पहुँचयोग्य र उपयुक्त शैक्षिक, कानुनी, न्यायिक वा अन्य उपाय अपनाउने अधिकार छ । यसमा यौन अधिकारको कार्यान्वियनको अनुगमन गर्ने क्षमता, यौन अधिकारका हनन भएका खण्डमा त्यसको क्षतिपूर्ति गर्ने, रकम असुलउपर गर्ने, पुनर्स्थापन गर्ने, सन्तुष्ट पार्ने, आश्वस्त पार्ने वा कुनैपनि हालतमा त्यस्ता घटना नदोहोऱ्याउनेजस्ता पक्ष पर्दछन् ।

- राज्यहरूले यौन अधिकार प्रत्याभूत गर्ने सन्दर्भमा आफ्ना बाध्यात्मक कर्तव्य पालन गर्न जवाफदेही रहने संयन्त्रहरूको स्थापना गर्नुपर्दछ ।

- सबै व्यक्तिले सशस्त्र द्वन्द्वका समयमा खासगरी यौन तथा लैंगिकतामा आधारित हिंसासाग सम्बन्धित मामलामा जवाफदेहिता र क्षतिपूर्तिका लागि प्रभावकारी संयन्त्रमा पहुँच राख्न पाउनुपर्छ ।

- सबै व्यक्तिलाई आफ्ना कुनैपनि यौन अधिकार हनन भएको अवस्थामा क्षतिपूर्ति तथा उपचार पाउने हकको सुरक्षाका लागि सूचना र सहयोग खोज्ने अधिकार छ ।

- राज्यहरूले तेस्रो पक्षबाट अरूको यौन अधिकारहरूको हनन हुनबाट रोकथाम गर्न कदम चाल्नुपर्दछ ।

आईपीपीएफ आफ्ना हैसियतले भ्याएको हदसम्म आफ्ना सबै सदस्यसंघहरूलाई प्राविधिक सहयोग, क्षमता अभिवृद्धि तथा आर्थिक सहयोग उपलब्ध गराई यौन अधिकारहरूको सेवाग्राहीमुखी भेदभावरहित यौन स्वास्थ्य सेवा, सूचना र व्यापक यौनशिक्षा उपलब्ध गराउन तथा यस घोषणामा समावेश गरिएका सिद्धान्त र यौन अधिकारहरूअनुरूप तिनका कर्मचारी र सहभागीहरूलाई कार्यक्रम र परियोजनाहरूबाट सम्बोधन गर्दै वकालतका लागि प्रोत्साहित गर्न प्रतिबद्ध छ ।

## सन्दर्भ र टिप्पणी

यहाँ दिइएका टिप्पणीहरूले आईपीपीएफले यौन अधिकारसम्बन्धी आईपीपीएफ घोषणापत्रमा निर्धारण गरेका सिद्धान्त तथा प्रयोगका स्रोतहरू के-के हुन् भन्ने देखाउँछन् ।

यस्ता स्रोतहरूमा मुख्य-मुख्य अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिहरू र तिनको अन्तर्राष्ट्रिय मानकहरूको आधिकारिक व्याख्या पर्दछन् । यहाँ आईपीपीएफले खास-खास अन्तर्राष्ट्रिय मापदण्डमा शंकारहित ठानेका र थप उपयोगमा मद्दत गर्ने खालका सन्दर्भहरू पनि दिएको छ । यिनमा राष्ट्रिय सरकारका नीतिनियम र कानुन, अन्तर्राष्ट्रिय मानव अधिकारका विद्वान् जानकारहरू, पैरवीकर्ताहरू तथा आईपीपीएफका सदस्यसंस्थाहरूले अंगीकार गरेका मान्यता र प्रक्रिया पनि पर्दछन् ।

- यौन तथा प्रजनन अधिकारसम्बन्धी आईपीपीएफ बडापत्र १९९५ को पूर्णपाठ www.ippf.org/en/Resources/Statements/IPPF+Charter+on+Sexual+and+Reproductive+Rights.htm मा हेर्न सकिन्छ ।

- कतिपय मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय निकायहरूका प्रतिवेदन, तथा अन्तर्राष्ट्रिय मापदण्डहरूका पूर्ण पाठहरू संयुक्त राष्ट्रसंघको मानव अधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयको वेबसाइट www.ohchr.org मा हेर्न सकिन्छ ।

- विश्व स्वास्थ्य सागठनले चलाएका यौन अधिकार र यौन स्वास्थ्यसम्बन्धी सम्पूर्ण छलफलहरू हेर्न क्लिक गर्नुहोस्- www.who.int/reproductive-health/gender/sexualhealth.html#4 मा ।

- योग्याकार्टा सिद्धान्तहरूको पूर्णपाठ : लैंगिक पहिचान तथा यौनिक अभिमुखीकरण सम्बन्धी अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको कार्यान्वयनका सिद्धान्तहरू (योग्याकार्टा सिद्धान्त) (२००७) www.yogyakartaprinciples.org मा पाउन सकिन्छ ।

## पुच्छे टिप्पणी:

१. मानव अधिकारबारेको अन्तर्राष्ट्रिय विधेयक:

- मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा-पत्र (UDHR)
- नागरिक तथा राजनीतिक अधिकार (ICCPR) बारेका अन्तर्राष्ट्रिय सहमति तथा यसका दुई अतिरिक्त प्रोटोकलहरू
- आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार (ICESCR) सम्बन्धी अन्तर्राष्ट्रिय सहमति

मुख्य-मुख्य अन्तर्राष्ट्रिय मानव अधिकार व्यवस्था तथा तिनको अनुगमनकर्ता निकायहरू

- सबै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि (ICERD), अनुगमनकर्ता निकाय CERD
- महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि (CEDAW), अनुगमनकर्ता निकाय CEDAW तथा यसका ऐच्छिक प्रोटोकलहरू
- यातना तथा क्रूरता, अमानवीय वा हेप्नेहोच्याउने व्यवहारविरूद्ध अभिसन्धि (CAT), अनुगमनकर्ता निकाय CAT तथा यसका ऐच्छिक प्रोटोकलहरू
- बालबालिकाका अधिकार सम्बन्धी महासन्धि (CRC) तथा यसका दुई प्रोटोकलहरू, अनुगमनकर्ता निकाय CRC
- सबै आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CMW), अनुगमनकर्ता निकाय CMW
- अपांगता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी सन्धि (२००८, मे ३३ तारीखदेखि लागू भएको)
- जबरजस्ती बेपत्ता पारिएका सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि (२००८, मे महिनादेखि लागू भएको)
  मुख्य-मुख्य मानव अधिकार सन्धिहरूका साथै अन्तर्राष्ट्रिय मानव अधिकारका अन्य थुप्रै व्यवस्थाहरू पनि छन् जो कानुनीरूपमा बाध्यात्मक छैनन्, परन्तु ती नैतिक दृष्टिले अखण्डनीय छन् र त्यस्ता व्यवस्थाले राज्यहरूलाई आफ्नो व्यवहार सुधार्न व्यावहारिक मार्गनिर्देश उपलब्ध गराउँछन् । जस्तै:
    - कार्ययोजनासम्बन्धी भियना घोषणा-पत्र
    - संयुक्त राष्ट्रसंघीय सहस्राब्दी घोषणा
    - महिलामाथि हुने हिंसा उन्मूलन गर्नेबारेको संयुक्त राष्ट्रसंघीय घोषणा
    - विकासको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा
    - विवाहसम्बन्धमा सम्मति लिने, बिहेको न्यूनतम उमेर र विवाह दर्तासम्बन्धी अभिसन्धि
    - एचआईभी/एड्ससम्बन्धी प्रतिबद्धताको घोषणा

२ CESCR समितिले स्वास्थ्यको अधिकारमा यौन तथा प्रजनन स्वतन्त्रतालगायत आफ्नो स्वास्थ्य र शरीरमाथिको निर्णय गर्न पाउने अधिकारलाई राखेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार : सामान्य टिप्पणी १४: स्वास्थ्यको उच्चतमस्तर हासिल गर्न पाउने अधिकार । संरासं दस्तावेज इ/सी १२/२०००/ ४ अगस्त ११, २००० ।

३ स्वास्थ्यसम्बन्धी अधिकारका विशेष प्रतिवेदकद्वारा मानव अधिकार आयोगको ६० औं सभासमक्ष प्रस्तुत गरिएको प्रतिवेदन । संरासं दस्तावेज इ/सीएन ४/२००४/४९ (२००४) अनुच्छेद ९ ।

४ यौनिकता सामाजिक तथा व्यक्तिको सम्मिलनमा निहित हुन्छ र स्थानीय, राष्ट्रिय एवम् अन्तर्राष्ट्रियतहका सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक संरचनाको गतिशील अन्तर्क्रियाबाट नि:सृत हुन्छ । यही गतिशीलताले सबै मानिसको यौन अधिकार हुन्छ भन्नेबारे आफू र अरूलाई बुझ्ने क्षमता दिन्छ ।

५ स्वास्थ्यसम्बन्धी अधिकारका विशेष प्रतिवेदकद्वारा प्रस्तुत गरिएको प्रतिवेदन । इ/सीएन ४/२००४/४९ (२००४) अनुच्छेद ५५ ।

६ त्यस्ताअवस्था विद्यमान रहन्छ भनी स्वीकार गर्ने प्रक्रिया र सदस्यसंस्थाहरूले देशविशेषको विशिष्ट सन्दर्भमा कानुनलगायतका विविध कारणवश लक्ष्यभन्दा थोरैमात्र काम गर्न सक्नु उस्तै हुन जानेछ । सदस्यसंस्थाहरूले देशको परिस्थितिको अध्ययन विश्लेषण गरी अभिलेखबद्ध गर्नेछन् । यसका लागि क्षेत्रीय निर्देशक/क्षेत्रीय कार्यकारी समिति र सदस्यसंस्थाहरूका बीच एक सहमति निर्माण गरिनेछ ।

७ हेर्नोस् इल्कारास्न, पी र जोली एस्, (२००७) जेण्डर एण्ड सेक्सुअलिटी : ओवरभ्यु रिपोर्ट (ब्रिज: इन्स्टिच्युट फर् डेभलपमेण्ट स्टडीज) www.bridge.ids.ac.uk/reports gend CEPhtml#Sexuality

८ समता भनेको लाभ र जिम्मेवारीको स्वच्छ तथा न्यायपूर्ण वितरण हो । लैंगिक समताको अवधारणाले महिला तथा पुरूषका आफ्नैखाले फरक-फरक आवश्यकता र शक्ति हुन्छन् र यी भिन्नतालाई पहिचान गरी लिंग-लिंगका बीचमा विद्यमान असन्तुलनको अवस्थालाई सम्बोधन गर्नुपर्छ ।

९ समानता भनेको अवसर तथा स्रोत वा लाभको बाँडफाँडमा वा सेवाको पहुँचमा भेदभाव नभएको अवस्था हो ।

१० लैंगिक समताले त्यस्तोअवस्थाको सङ्केत गर्दछ जहाँ महिला र पुरूषका आवश्यकता फरक-फरक हुन्छन्, आवश्यकताको अनुपातमा स्रोत उपलब्ध गराउनुपर्छ र त्यहीअनुरूप कार्यक्रम केन्द्रित गर्नुपर्छ, समान अवसरको प्रत्याभूति हुनुपर्छ र आवश्यक परे परिणाम र लाभमा समानता ल्याउन आरक्षण पार्नुपर्छ अनि महिलाले ऐतिहासिक वा सामाजिकरूपमा अनुभव गरेका लाभविहीनताको लागि क्षतिपूर्ति दिनुपर्छ ।

११ लैंगिक समानताले महिला र पुरूषको मापनयोग्य प्रतिनिधित्वलाई सङ्केत गर्दछ । लैंगिक समानताले महिला र पुरूष उही र उस्तै हुन् भन्दैन बरू उनीहरूको समान मूल्य र महत्त्व छ त्यसैले दुवैलाई समान व्यवहार गरिनुपर्छ भन्ने ठान्दछ । यसले महिला र पुरूष दुवैको शक्ति र प्रभावको वितरणको उत्तिकै लाभांश पाउने, आयआर्जनलगायतका निजी र सार्वजनिक क्षेत्रमा उत्तिकै समान अवसर र अधिकार पाउने, गुणस्तरीय शिक्षा तथा क्षमता अभिवृद्धिका अवसर प्राप्त गर्ने, आफ्ना सम्भाव्यता पूर्णतया विकसित गर्ने, व्यापक समुदायमा, समाजमा र परिवारभित्र पनि सेवा र स्रोतमा पहुँच राख्ने तथा नीति र कानुनमा बराबर व्यवहार पाउने विषयलाई समेटेको हुन्छ । लैंगिक समानताको अर्थ महिला र पुरूष उही र उस्तै हुन् भन्ने लाग्दैन बरू उनीहरूका अधिकार, जिम्मेवारी र अवसर उनीहरूको प्राकृतिक लिंगमा निर्भर गरेको हुँदैन भन्नु हो ।

१२ बाल अधिकार महासन्धि: धारा ५ राज्यपक्षले विद्यमान महासन्धिले मान्यता प्रदान गरेअनुसार बाबुआमाका जिम्मेवारी, अधिकार र कर्तव्यको सम्मान गर्दै, लागू हुन सक्ने भएमा, विस्तृत परिवारका सदस्यहरू वा समुदाय, स्थानीय रीतिथितिले दिएअनुरूप कानुनी अभिभावक वा अन्य व्यक्ति बालबालिकाको बढ्दो क्षमता अनुकूल उपयुक्त मार्गनिर्देश गर्ने, अभिभावकत्व प्रदान गर्नुपर्दछ । www2.ohcr.org/english/law/crc/html

१३ बाल अधिकार महासन्धिले १८ वर्षमुनिका व्यक्तिको आचारव्यवहार र रूचिलाई ध्यानमा राखी बाल अधिकार उपभोगकर्ताका रूपमा स्थापित गरेको छ । अहिले लागू भएको अन्तर्राष्ट्रिय कानुनका सन्दर्भमा १८ वर्षमुनिका जोसुकै मानिस बालबालिका हुन् ।
बाल अधिकार महासन्धिको धारा १: वर्तमान महासन्धिअन्तर्गत बालक वा बालिका भन्नाले १८ वर्षमुनिको, यससमाथि कुनै कानुन लागू नभएसम्म, जोसुकै मानिस बालक वा बालिका भन्ने बुझ्नुपर्छ ।

१४. बाल अधिकार महासन्धिको धारा ३:(१) बालबालिकासम्बन्धी यावत कामकारवाही, सार्वजनिक वा निजी जुनसुकै कल्याण संस्था, अदालत, प्रशासनिक निकाय, वा विधायिका अंगले गरे तापनि, बालबालिकाको सर्वोत्तम हित नै उनीहरूको प्राथमिक दायित्वको विषय हो । (२) राज्यले बालबालिकाको हकहितको संरक्षणका निम्ति आवश्यक देखिएमा बाबुआमा वा कानुनी अभिभावक वा कानुनीरूपमा उनीहरूको जिम्मा लिएका अन्य व्यक्तिको अधिकार र जिम्मेवारीलाई ध्यानमा राखी बालबालिकाको हितलाई सर्वोपरि राखेको छ भनी सुनिश्चित गर्नुपर्नेछ । र, यस हदसम्म सबै प्रकारका उपयुक्त कानुनी तथा प्रशासनिक उपायहरू अवलम्बन गर्नुपर्नेछ । (३) राज्य पक्षले स्वास्थ्यगरी सुरक्षा र स्वास्थ्य दक्ष निकायद्वारा तोकिएका मापदण्ड र संख्यामा बालबालिकाको हेरचाह र संरक्षणका लागि जिम्मेवार ती संस्थाहरूले उनीहरूको जनशक्ति सुहाउँदो गरी दिने सेवा र सुविधा तथा प्रत्याभूत गरेको हुनुपर्नेछ र त्यस्ता सेवा सुविधा विशेषज्ञ संस्थाबाट सुपरीवेक्षण गराउनुपर्नेछ ।

१५ बाल अधिकार महासन्धि: धारा ५ राज्यपक्षले विद्यमान महासन्धिले मान्यता प्रदान गरेअनुसार बाबुआमाका जिम्मेवारी, अधिकार र कर्तव्यको सम्मान गर्दै, लागू हुन सक्ने भएमा, विस्तृत परिवारका सदस्यहरू वा समुदाय, स्थानीय रीतिथितिले दिएअनुरूप कानुनी अभिभावक वा अन्य व्यक्तिले बालबालिकाको बढ्दो क्षमताअनुकूल उपयुक्त मार्गनिर्देश गर्ने, अभिभावकत्व प्रदान गर्नुपर्दछ ।

१६ बाल अधिकार महासन्धि: धारा २.१. राज्यपक्षले विद्यमान महासन्धिमा व्यवस्था गरिएका अधिकारको सम्मान गर्दै प्रत्येकबालबालिकालाई बालबालिका वा उसको बाबुआमा वा कानुनी अभिभावकको जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतक वा अन्य विचार, राष्ट्रियता, जातीयता वा सामाजिक उद्गम, सम्पत्ति, अपांगता, जन्म वा अन्य कुनैपनि अवस्थाका आधारमा कुनैपनि प्रकारको भेदभाव नगरी अधिकार प्रत्याभूत गर्नुपर्नेछ ।

१७ बाल अधिकार महासन्धि: धारा ६ २: राज्यपक्षले सम्भव भएको अधिकतम हदसम्म बालबालिकाको बाँच्न पाउने र विकास गर्न पाउने अधिकारलाई सुनिश्चित गर्नेछ ।

१८ यस दस्तावेजमा भेदभावसम्बन्धी सन्दर्भमा आएका सबैअवस्थामा भेदभावरहितताको रूप-रेखा लागू गर्नुपर्नेछ ।

१९ लिंग भन्नाले मानिसलाई महिला वा पुरूष भनी परिभाषित गर्ने जैविक विशेषता भन्ने बुझिनुपर्छ । यस्ता जैविक विशेषता सबै मानिसमा हुँदैनन् र दुवै लिंग भएका व्यक्तिहरू पनि हुन्छन्, उनीहरू महिला वा पुरूषको जस्तै छुट्टै अस्तित्वमा परिभाषित हुन चाहन्छन् ।

२० यस घोषणाको सिद्धान्त नं २ हेर्नुहोस् । उमेरको आधारमा गरिने भेदभाव वृद्धवृद्धाको हकमा समेत पनि उत्तिकै प्रासांगिक हुन्छ ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, धारा २ २: यस सन्धिका राज्यपक्षले विद्यमान सन्धिमा अभिव्यक्त भएका अधिकार उसको जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतक वा अन्य विचार, राष्ट्रियता, जातीयता वा सामाजिक उद्गम, सम्पत्ति, अपांगता, जन्म वा अन्य कुनैपनि अवस्थाका आधारमा कुनैपनि प्रकारको भेदभाव नगरी प्रत्याभूत गर्नुपर्नेछ ।

२१. लिंग भन्नाले खास समयविन्दुमा कुनै मानिस महिला वा पुरूषसाग सम्बन्धित सामाजिक सांस्कृतिक तथा आर्थिक आधारको संरचना र अवसरको अवस्थालाई जनाउँछ ।

२२ लैंगिक पहिचानले कुनै व्यक्तिलाई म महिला वा पुरूष या पुल्लिंगी वा स्त्रीलिंगी हुँ भन्ने आत्मबोध भएको अवस्थालाई बुझाउँछ ।

२३ यौन अभिमुखीकरण भन्नाले आफूजस्तै लिंग भएको मानिसतर्फ, विपरीतलिंगीतर्फ वा दुवै लिंगीतर्फ भएको प्रारम्भिक यौन आकर्षणलाई जनाउँछ ।

२४ यस क्षेत्रमा भेदभाव गर्न नमिल्ने अन्तर्राष्ट्रिय कानुनको व्याख्याको उदाहरणका लागि सोद्देश्यमूलक वा स्तलागू भएको दुवैअवस्थामा जातीय भेदभावका सन्दर्भमा जाति, लिंग वा लैंगिकतामा आधारित पक्षहरू, हर्नोस्: मानव अधिकार समितिको सामान्य टिप्पणी नं १८: भेदभावरहितता, संरासं दस्तावेज HRI/GEN/1/Rev.6 at 146, 2003. सबै प्रकारका जातीय भेदभाव उन्मूलन समितिको सामान्य सिफारिश नं २५: जातीय भेदभावका लैंगिकतासाग सम्बन्धित आयामहरू, UN Doc A/55/18, 2000 पनि हेर्नुहोस् ।

२५ CLADEM Manifesto (2nd version), यौन तथा प्रजनन अधिकारसम्बन्धी अभिसन्धिका निम्ति अभियान, अक्टुबर २००६), पृष्ठ २६, www.convention.org.uy

२६ क्षेत्रीय अदालतद्वारा गरिएको यौन हानिनोक्सानीविरूद्धको विशेष संरक्षणसम्बन्धी प्रारम्भिक तथा प्रभावशाली निर्णय, हेर्नोस्- युरोपली मानव अधिकार अदालत, X र Y v. द नेदरल्याण्ड्स, मार्च २६, १९८५ ।

२७ बाल अधिकार महासन्धि: धारा ३४: राज्यपक्षले बालबालिकालाई सबैप्रकारका यौनजन्य हानिनोक्सानी, यौन शोषण तथा दुर्व्यवहार हुनबाट संरक्षण गर्नेछन् । यसका निम्ति, राज्य पक्षले खासगरी त्यस्ता दुराचारको रोकथाम गर्न राष्ट्रिय, द्विपक्षीय तथा बहुपक्षीय उपायहरू अपनाउनेछन्: क) कुनैपनि बालबालिकालाई गैरकानुनीरूपमा जबरजस्ती यौन गतिविधिमा लगाउन वा प्रोत्साहित गर्न नपाइने । ख) कुनैपनि बालबालिकालाई वेश्यावृत्ति वा अन्य कानुनविरोधी यौन गतिविधिमा लगाई शोषणको लागि प्रयोग गर्न नपाइने । ग) बालबालिकालाई अश्लील गतिविधि गर्न लगाउन वा त्यस्ता सामग्री उत्पादनमा उपयोग गर्न नपाइने ।

२८ मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा, धारा २९ : (१) प्रत्येक व्यक्तिको आफ्नो व्यक्तित्वको स्वतन्त्र र पूर्ण विकास सम्भव हुन सक्ने समुदायप्रति निश्चित कर्तव्यहरू हुन्छन् । (२) आफ्नो अधिकार र स्वतन्त्रताको अभ्यास गर्दा प्रत्येकव्यक्तिले अन्य व्यक्तिहरूको अधिकार र स्वतन्त्रताको सुरक्षा गर्न कानुनले निर्धारण गरेको सीमाभित्र रही नैतिकता, सार्वजनिक सुव्यवस्था र प्रजातान्त्रिक समाजमा सामान्य हितको ख्याल गर्नुपर्नेछ र ३) यी अधिकार र स्वतन्त्रता कुनैपनि हालतमा संयुक्त राष्ट्र संघका उद्देश्य र सिद्धान्तसाग बाझिने गरी अभ्यास गरिनेछैनन् ।

हेर्नुहोस्: www.un.org/Overview/rights.html.com

२९ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता: धारा १२: १. यस सम्झौताका राज्यपक्षले सबैको उच्चतम शारीरिक तथा मानसिक स्वास्थ्यस्तर प्राप्त गर्ने अधिकारलाई मान्यता दिन्छन् । २ यस सम्झौताका राज्यपक्षले यस अधिकार प्राप्त गर्न आवश्यक पर्ने सबै अवस्थाबारे बुझेका छन् र तदनुरूप सबै काम गर्नेछन् :(१) बालबालिकाको स्वस्थ विकासका लागि गर्भ तुहिने दर तथा शिशु मृत्युदर घटाउने व्यवस्था, (२) वातावरणीय तथा औद्योगिक स्वच्छताका सबै पक्षमा सुधार ल्याउने, (३) प्रकोप, महामारी, पेशागत वा अन्य रोगहरूको रोकथाम, उपचार र नियन्त्रण गर्ने, (४) अस्वस्थ भएको अवस्थामा सबै प्रकारका उपचार र सेवासुविधाका लागि आवश्यकअवस्थाको सिर्जना गर्ने ।

हेर्नोस्: आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिका सामान्य टिप्पणी नं १४: उच्चतम शारीरिक तथा मानसिक स्वास्थ्यस्तर प्राप्त गर्ने अधिकार, UN Doument E/C.12/2000/4, अगस्त ११, अनुच्छेद २८-२९ ।

३० यसका सिद्धान्तमा अभिव्यक्त गरिएका वैधताप्राप्त लक्ष्य र आशयसाग नमिल्ने खालका कानुनले स्थापित गरेका ती सीमाहरू परिवर्तन गर्न काम गर्नु जरूरी छ । हेर्नोस्: CLADEM Menifesto, (2nd version , यौन तथा प्रजनन अधिकारसम्बन्धी अभिसन्धिका निम्ति अभियान, अक्टुबर २००६), पृष्ठ २६, www.convention.org.uy

३१. विकास सहायतामा मानव अधिकारमा आधारित विधि: संरासं निकायहरूका लागि साझा समझदारीको निर्माणतर्फ: www.undp.org/governance/docs/HR_Guides_CommonUnderstanding .pdf

३२ स्तसम्मान, संरक्षण तथा आवश्यकताको परिपूर्ति को अवधारणा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अनुगमनकर्ता निकाय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिले सन्धिका पक्ष राष्ट्रहरूले पूरा गर्नेपर्ने जिम्मेवारीको विश्लेषण गर्दा तयार पारेको थियो र यो अन्य अधिकारको सापेक्षमा स्वास्थ्यको अधिकारसाग सम्बन्धित थियो । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समिति (CESCR), सामान्य टिप्पणी, नं १४ अनुच्छेद नं ३४-३७ ।

३३ हेर्नु: CESCR, सामान्य टिप्पणी, नं १४ अनुच्छेद नं ३९

३४ मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा: १९४८, धारा १: सबै मानिस जन्मँदै स्वतन्त्र तथा आत्मसम्मान र अधिकारमा समान छन् ।

३५ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता: धारा २ (१): यस सम्झौताको प्रत्येकराज्यपक्षले आफ्नो भूभागभित्रका सबै व्यक्तिहरूको सम्मान गर्नेछ र विद्यमान सम्झौताअन्तर्गत जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रियता वा समाजिक उद्गम, सम्पत्ति, जन्म वा अन्यअवस्थाको आधारमा कुनैपनि प्रकारको भेदभावविना उनीहरूका अधिकार सुनिश्चित गर्नेछ ।

धारा ३: यस सम्झौतामा उल्लेख भएअनुसार सम्झौताको प्रत्येकराज्यपक्षले महिला र पुरूषको समान नागरिक तथा राजनीतिक अधिकारहरू छन् भन्ने सुनिश्चित गर्नेछ ।

धारा २६: कानुनका अगाडि सबै व्यक्तिहरू समान छन् र विनाभेदभाव कानुनको संरक्षण प्राप्त गर्दछन् । यस अर्थमा, कानुनले नै विभेदमाथि प्रतिबन्ध लगाउनेछ र जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रियता वा समाजिक उद्गम, सम्पत्ति, जन्म वा अन्यअवस्था कुनैपनि आधारमा भेदभाव नगरी सबै व्यक्तिलाई समान र प्रभावकारीरूपमा संरक्षणको प्रत्याभूति दिनुपर्दछ ।

मानव अधिकार समितिले पनि लिंगको आधारमा गरिने विभेदसम्बन्धी यी प्रावधानहरूको व्याख्या तथा कार्यान्वयन गरेको छ । हेर्नु: सामान्य टिप्पणी, नं १८ भेदभावरहितता, UN Document HRI/GEN/1/Rev.6 , १४६ मा , २००३ ।

www.un.org/womenwatch/daw/followup/rress233e.pdf मा छ ।

४६ मानवअधिकारको रक्षाकवचसम्बन्धी संरासं महासचिवका विशेष प्रतिनिधिको प्रतिवेदन, E/CN.4/2006/95/Add. 1, मार्च २२, २००६ । महिलाविरूद्धको यातना, यसका कारण र परिणामसम्बन्धी विशेष प्रतिनिधि, भ्ऋलद्धरद्दण्णछ्रठद्दरब्मम। घ, फेब्रुअरी १०, २००५, अनुच्छेद २१ । मानव अधिकार समिति, समापन पर्यवेक्षण, चिली, CCPR/C/79/Add. 104 मार्च ३०, १९९१ अनुच्छेद २० । गैरन्यायिक कार्यसम्बन्धी विशेष प्रतिवेदकको प्रतिवेदन, E/CN/4/2002/74, जनवरी ९, २००२स गैरन्यायिक कार्यसम्बन्धी विशेष प्रतिवेदकको जबरजस्ती फाँसीसम्बन्धी संक्षिप्त प्रतिवेदन, भ्ऋल्द्धरद्दण्णझ्रद्द, जनवरी ११, २००१स र E/CN/4/2001/9 Add.1, जनवरी ०७, २००० अनुच्छेद ०७५ ।

हेर्नु: अन्तर्राष्ट्रिय न्यायाधीश कमिसन: मानव अधिकार कानुनमा यौन अभिमुखीकरण तथा लैंगिक पहिचान, संरासं मानव अधिकार प्रणालीका सिद्धान्त र नजीरहरूको सन्दर्भ, अक्टुबर २००७, www.icj.org/news.php3?id+article=4209&lang=en मा ।

४७ यो विषय अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा स्पष्टरूपमा लेखिएको छ । उदाहरणका लागि हेर्नु: महिलाको अवस्थाबारेको कमिसनको प्रस्ताव नं ५०/२, महिलाको योनिच्छेदन उन्मूलन तथा बालिकाको जबरजस्ती बिहेसम्बन्धी प्रस्ताव ५१/३ UN Doc. E/2007/27-E/CN.6/2007/9 महिलाविरूद्धको यातनासम्बन्धी विशेष प्रतिनिधिको प्रतिवेदन, महिलामाथि हुने हिंसाका पारिवारिक सांस्कृतिक अभ्यासहरू, भ्ऋलद्धरद्दण्णद्दरछ्ष, जनवरी ३०, २००२ ।

४८ एचआईभी-एड्स र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय निर्देशिका, २००६, परिमार्जित संस्करण, संरासं मानव अधिकारसम्बन्धी उच्चायुक्तको कार्यालय र युएन्एड्स,
http://www.ohchr.org/english/issues/hiv/guidelines.htm
हेर्नु: युरोप घोषणापत्रमा यौनकर्मीहरू तथा युरोपमा यौनकर्मीहरूको अधिकारसम्बन्धी घोषणा,
http://www.sexworkeurope.org/site/index.php?option=com_content&task=view&id=24itemid=201

४९ एचआईभी-एड्स र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय निर्देशिका, २००६, परिमार्जित संस्करण, संरासं मानव अधिकारसम्बन्धी उच्चायुक्तको कार्यालय र युएन्एड्स,
http://www.ohchr.org/english/issues/hiv/guidelines.htm
हेर्नु: योग्याकार्टा सिद्धान्त ७

५० हेर्नु: योग्याकार्टा सिद्धान्त ५

५१. मानव अधिकार कमिसनको प्रस्ताव १९९८/५२, महिलाविरूद्धको हिंसा उन्मूलन, ESCOR Supp.
(नं ३) १७१ मा । UN Doc. E/CN. 4/1998/52 (1998), महिलाविरूद्धको यातना यसका कारण र परिणामसम्बन्धी विशेष प्रतिनिधिको प्रतिवेदन, श्रीमती राधिका कुमारास्वामी, मानव अधिकार कमिसनको प्रस्ताव १९९७/४४ अनुरूप पेश गरिएको, UN Doc. E/CN.4/1998/54
समलिंगी भनी चिनिएका वा लिंगभेद नछुट्टिएका व्यक्तिहरूसम्बन्धी लैंगिकताको आधारमा दु:ख दिने काम र आश्रय बारेको टिप्पणीका लागि (पारलैंगिक, पारयौनिक) हेर्नु: गैरन्यायिक कार्यसम्बन्धी विशेष प्रतिनिधिको प्रतिवेदन, E/CN.4/2002/74 जनवरी ९, २००२स गैरन्यायिक कार्य, गैरन्यायिक जबरजस्ती ज्यानसजायसम्बन्धी विशेष प्रतिनिधिको प्रतिवेदन, E/CN.4/2001/9 जनवरी ११, २००१स र E/CN.4/2001/9/Add. 1, जनवरी १७, २००१ अनुच्छेद १७५ ।
हेर्नु: अन्तर्राष्ट्रिय न्यायाधीशहरूको कमिसन: मानव अधिकार कानुनमा यौन अभिमुखीकरण र लैंगिक पहिचान, संरासं मानव अधिकार प्रणालीका सिद्धान्त र नजीरहरूको सन्दर्भ, अक्टुबर २००७, पृष्ठ १७७ देखि १८० सम्म । www.icj.org/news.php3?id+article=4209&lang=en मा ।

५२ संरासं शरणार्थीसम्बन्धी उच्चायुक्त (१९९५) शरणार्थीमाथि हुने यौनजन्य हिंसाको रोकथाम र काम कारवाहीसम्बन्धी निर्देशिका,
www.unhcr.org/PUBL/3b9cc26c4.pdf
हेर्नु: योग्याकार्टा सिद्धान्त २३

५३ संरासं शरणार्थीसम्बन्धी उच्चायुक्त (०९९५) शरणार्थीमाथि हुने यौनजन्य हिंसाको रोकथाम र काम कारवाहीसम्बन्धी निर्देशिका,
www.unhcr.org/PUBL/3b9cc26c4.pdf
संरासं शरणार्थीसम्बन्धी उच्चायुक्त (०९९५) शरणार्थी, घर फर्किएका शरणार्थी तथा आन्तरिकरूपमा विस्थापित व्यक्तिहरूमाथि हुने यौनजन्य तथा लैंगिक आधारमा हुने हिंसाको रोकथाम र कामकारवाही सम्बन्धी निर्देशिका र योग्याकार्टा सिद्धान्त २३

५४ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता, धारा १७, कसैले पनि आफ्नो गोपनीयता, परिवार, घर र गरेका पत्राचारमाथि जबरजस्ती वा गैरकानुनी हस्तक्षेपमा पर्नुपर्नेछैन र उसको सम्मान तथा प्रतिष्ठामाथि आक्रमण हुनेछैन ।

५५ हेर्नु : विश्व स्वास्थ्य संगठन (२००४) यौन सहकर्मीलाई एचआईभीको अवस्थाबारे जानकारी दिने : विद्यमान दर, अवरोध र महिलाको लागि लाभ: जेनेभा, विश्व स्वास्थ्य सागठन ।
www.who.int/gender/documents/en/VCTinformationsheet_%5b9%20KB%5d.pdf
पूरै प्रतिवेदन हेर्नका लागि खोल्नु: www.who.int/gender/documents/en/genderdimensions.pdf

५६ योग्याकार्टा सिद्धान्त ९

५७ उपरीवत्

५८ अर्को मुलुकमा गएर गरिने संगठित अपराधसम्बन्धी संरासं महासन्धिको पूरकका रूपमा मानिसलाई, खासगरी महिला र बालबालिकालाई, बेचबिखन गर्ने कामको रोकथाम, न्यूनीकरण तथा दण्डसजायबारेको प्रोटोकल । www.unodc/en/crime_cicp_convention.html#final

५९ योग्याकार्टा सिद्धान्त १९

६० मानव अधिकारको विश्वव्यापी घोषणापत्र, ०९४८, धारा ०९: प्रत्येकलाई आफ्नो विचार दिने र अभिव्यक्त गर्ने अधिकार छ । प्रत्येकलाई कसैको हस्तक्षेपविना विचार राख्न पाउने स्वतन्त्रता छ र जहाँ पनि जुनसुकै माध्यमबाट सूचना खोज्न, लिन र विचार राख्न पाउने स्वतन्त्रता छ ।

६१ योग्याकार्टा सिद्धान्त ०९

६२ मानव अधिकारको विश्वव्यापी घोषणापत्र, धारा २०: प्रत्येकलाई शान्तिपूर्ण ढंगले भेला हुने, संगठित हुने स्वतन्त्रता छ । कसैलाई पनि कुनै संगठन विशेषमा लाग्न बाध्य पारिनेछैन ।

६३ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता: धारा १२.१: यस सम्झौताको राज्यपक्षले सबैको शारीरिक तथा मानसिक स्वास्थ्यको उच्चतमस्तर हासिल गर्न पाउने अधिकार मान्य हुनेछ ।

६४ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समितिको सामान्य टिप्पणी नं १४: स्वास्थ्यको उच्चतमस्तर हासिल गर्न पाउने अधिकार (आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता, २०००)

६५ यौन तथा प्रजनन अधिकारसम्बन्धी आईपीपीएफ बडापत्र
www.ippf.org/en/Resources/Statements/IPPF+Charter+on+Sexual+and+Reproductive+Rights.htm
हेर्नु: योग्याकार्टा सिद्धान्त २१

६६ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता: धारा १५.(बी): यस सम्झौताका राज्यपक्षले प्रत्येकको अधिकार छ भन्ने मान्दछ ……… (बी) वैज्ञानिक प्रगतिका लाभ लिन र प्रयोग गर्न पाउनेछ ।

६७ महिलाविरूद्ध हुने सबै प्रकारका भेदभावहरूको उन्मूलन गर्नेसम्बन्धी महासन्धि, धारा १० (एच्): राज्यपक्षले खासगरी महिला र पुरूषको अधिकार समान छ भन्ने सुनिश्चित गर्न महिलालाई पुरूषसरह शिक्षा हासिल गर्ने क्रममा सबै प्रकारका भेदभाव उन्मूलन गर्ने उपयुक्त उपायहरू अवलम्बन गर्नेछ ……… (एच्) परिवार नियोजनसम्बन्धी जानकारी तथा परामर्श प्राप्त गर्नेलगायत परिवारको हित तथा स्वास्थ्य दुरूस्त राख्न आवश्यक पर्ने विशिष्ट शैक्षिक सूचना/जानकारीमा पहुँच हुनेछ ।

६८ जनसंख्या तथा विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, जनसंख्या तथा विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको कार्ययोजनाको अझ कार्यान्वयन गर्न गर्नुपर्ने खास-खास कार्यहरू, UN Doc. A/Res/S-21/2, अनुच्छेद ७३ ।

सरकारहरूले अन्तर्राष्ट्रिय समुदायको सहयोग तथा युवावर्गको पूर्ण संलग्नतामा प्राथमिकताका साथ कार्ययोजनाको अनुच्छेद ७.४५ र ७.४५ अनुरूप किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी कार्ययोजनाको कार्यान्वयन गर्न आवश्यक सबै प्रकारका प्रयत्न गर्नुपर्नेछ र बाबुआमाका अधिकार, कर्तव्य तथा जिम्मेवारीहरूको सम्मान गर्दै, किशोरकिशोरीहरूको बढ्दो क्षमताअनुरूप प्रजनन स्वास्थ्य शिक्षा पाउने, सूचना र हेरचाह पाउने अधिकारलाई दृष्टिगत गरी, उनीहरूका सांस्कृतिक मूल्य तथा धार्मिक आस्थाको सम्मान गर्दै, विद्यालयका वा विद्यालयबाहिरका किशोरकिशोरीहरू दुवैका लागि रोकथाम, शिक्षा, परामर्श र स्वास्थ्य सेवालगायत आवश्यक सूचना प्राप्त गर्न प्रत्याभूति दिनुपर्नेछ । यसले उनीहरूलाई, किशोरावस्थामै गर्भधारण गर्नेको संख्या कम गर्न समेतका लागि, आफ्ना यौन तथा प्रजनन स्वास्थ्यका आवश्यकताबारे जान्न बुझ्न, छनोट गर्न  र जिम्मेवारी बोध गर्न सक्षम तुल्याउँछ ।

६९ यौन तथा प्रजनन अधिकारसम्बन्धी आईपीपीएफ बडापत्र, ८.० । हेर्नोस्-
www.ippf.org/en/Resources/Statements/IPPF+Charter+on+Sexual+and+Reproductive+ Rights.html

७० योग्याकार्टा सिद्धान्त नं. २४

७१ महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी लोकसम्मति: धारा १६ (१) (ई): राज्यपक्षले खासगरी महिला र पुरूषको समानताको आधारमा विवाह, पारिवारिक सम्बन्धजस्ता यावत् विषयमा महिलाविरून्द्ध हुने भेदभावको मूलोच्छेदन गर्न आवश्यक पर्ने सबै उपाय अपनाउनेछ........(ई) आफूले जन्माउने शिशुको संख्या तथा जन्मान्तरको समयबारे उत्तिकै जिम्मेवारीपूर्वक र स्वतन्त्रतापूर्वक निर्णय गर्न  र यस अधिकारको उपभोग गर्न पाउनेछन् ।

७२ योग्याकार्टा सिद्धान्त नं २८ र २९ ।

कैयौंपल्ट अस्वीकार गरिएका अनि धेरै लामो अवधिसम्म लत्याइएका यौन अधिकारहरूले हाम्रो ध्यान आकर्षण गर्छन् र हाम्रो प्राथमिकता प्राप्त गर्छन् । अब तिनको सम्मान गर्ने बेला भो । अब ती अधिकार माग्ने बेला भो ।

-ज्याकलिन शार्पे